# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक बहुजाति, बहुभाषि, बहुधार्मिक एवं भिन्न भिन्न रहन, सहन, मूल्य, मान्यता र संस्कृति भएका मानिसहरुको वासस्थान हो । जातिय विभाजनले राष्ट्रिय एकतालाई केही कमजोर वनाएको त छ नै त्यो भन्दा बढी मानवीय भावनामा चोट पुऱ्याएको छ । नेपालको जातिय विभाजनको इतिहास उल्लेख गर्दै पद्मलाल विश्वकर्मा (२०५४) का अनुसार प्राचीन आर्य समाजबाट शुरु भएको श्रम विभाजनको प्रक्रिया कालन्तरमा गएर वर्ण विभाजनमा रुपान्तरण हुन पुगेको हो । वैदिक कालको अन्तिम समयमा ४ जातमा विभाजन गरीएको पाइन्छ । यही जातिय वा वर्ण विभाजन पछिको शुद्र भनिने चौथो वर्णलाई सबैभन्दा तल राखियो । अरुहरुको सेवा गर्नेकाम दिइयो । समाजमा तिनै पछि पारिएका ठगिएका जातिलाई दलित भन्ने गरेको पाइन्छ ।

दलित विकास समिति (२०५६) को प्रतिवेदनअनुसार दलित शब्दको पहिलो प्रयोगकर्ता भारतीय विद्वान भिमराव अम्मेडकर मानिनुहुन्छ । राष्ट्रिय दलित सेवा आयोग (२०५८) को प्रतिवेदनअनुसार 'दलित' शब्दको शाब्दिक अर्थ दबिएका, हेपिएका, कुल्चिएका, पछाडी पारिएका जाति भनि उल्लेख गरेको पाइन्छ । दलित उत्थान संरक्षण विधेयक (२०५९) अनुसार दलित भनेका समाजमा छुवाछुतको भेदभावबाट पिडित भई आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक रुपमा पछि परेका धार्मिक र संस्कारगत व्यवहारमा अपहेलित भएका, जातिका व्यक्तिलाई संझनु पर्दछ । हिन्दु दर्शनको वर्ण व्यवस्था भित्रको शुद्रलाई परम्परादेखि नै अछुत भन्न थालियो र २०२४ सालदेखि तिनै अछुत भनिनेहरुलाई दलित भन्न थालिएको छ ।

अन्तर्राष्ट्रिय प्रसङ्ग कोट्याउने हो भने संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धि घोषणापत्र (१९४८) ले भेदभाव विरुद्धको हक र शिक्षा सम्बन्धि हकलाई मानव अधिकार भित्र राखेको छ । सन् १९७० पछि त शिक्षा सम्बन्धि हक आधारभूत आवश्यकता भित्र नै पारिएको छ । मानव विकासको मुख्य वाधक अशिक्षा भएको महसुस गरी जोमतिन शिखर सम्मेलन (१९९०)

ले सन् २००० सम्म प्राथमिक उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा प्रवेश गराउने प्रतिबद्धता गरेपनि सन् २००० सम्ममा उक्त लक्ष्यमा आंशिक मात्रै सफलता पाइए पछि त्यसको समय सिमा बढाएर सन् २०१५ सम्म सबैका लागि शिक्षाको पहुँचको सुनिश्चितता गर्ने सामुहिक प्रतिवद्धता जनाएको छ तर नेपाल जस्ता अझै आधा जनासंख्या निरक्षर भएका देशका लागि ठूलै चुनौति बनेको छ । डकार कार्य ढाँचा (२०००-२०१५) को लक्ष्य पूरा गर्ने प्रयास स्वरुप नेपाल सरकारले विद्यालय क्षेत्रसुधार योजना (२०६६-०७२) वनाएर कार्यान्वयनमा ल्याएको छ । कक्षा १ देखि कक्षा ८ सम्मलाई आधारभूत तह मानिएको छ । जसलाई निःशुल्क पनि गरिएको छ । ९-१२ लाई मा.वि. र १-३ लाई प्रारम्भिक तह भनिएको छ ।

नेपालमा विद्यालय क्षेत्र सुधार योजना (२०६६-०७२) का अनुसार अझै पनि ४६ प्रतिशत प्रौढहरु निरक्षर र १४ प्रतिशत विद्यालय उमेरका बालबालिका विद्यालय वाहिर रहेको देखिन्छ । यी निरक्षरहरु विद्यालय वाहिर रहेका बालबालिका मध्येका अधिकांश बालबालिका वर्गको हिसाबले विपन्न वर्गका, जातियरुपमा हेर्दा दलित जनजाति भित्र पर्ने र लिङ्गका हिसाबले हेर्दा महिलाहरु पर्दछन् । यी शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित समूहका व्यक्तिहरुलाई शिक्षामा अरु सरहको समान अवसर दिनको लागि जातिय, वर्गीय, लैङ्गिक आदि सबै खाले विभेद अन्त्यगरी, आधारभूत, गुणस्तरीय, सीपमूलक, व्यवहारिक वैज्ञानिक शिक्षाको व्यवस्था गरिनु पर्दछ ।

सबैका लागि शिक्षाको पहुँचको सुनिश्चितता गर्नु पर्ने वाध्यताले गर्दा नेपाल सरकारले समाजमा पछि परेका जात जातिहरुको शिक्षाप्राप्त गर्ने आर्थिक हैसियत बढाउनको लागि विभिन्न खाले सहयोग एवम् राहतका प्याकेजहरु अगाडि सारेको छ । त्यस्ता सहयोगका कार्यक्रमहरु मध्येको एउटा हो छात्रवृत्ति कार्यक्रम । आर्थिक विपन्नताको कारणले विद्यालय प्रवेश गर्न नपाएकाहरुलाई विद्यालयतर्फ आकर्षित गर्न, विद्यालय गएकालाई विद्यालयमा टिकाउन र पढाइप्रति लगनशील बनेर लाग्नमा छात्रवृत्ति कार्यक्रमले उत्प्रेरकको काम गरेको छ ।

छात्रवृत्तिकार्यक्रमको इतिहास त्यति पुरानो भएको देखिंदैन । यसको तिव्र विकास २०४६ को राजनैतिक परिवर्तन पछि भएको भए पनि सुरुवात भने शैक्षिक विकासमा वेवास्ता गरिएको भनिएको पृथ्वी नारायण शाहको पालामा भएको पाइन्छ । तत्कालिन समयमा २ जना नेपाली

विद्यार्थीलाई छात्रवृत्ति दिएर विदेश पढ्न पठाएको सन्दर्भ उल्लेख भएकोले त्यतिवेला देखि छात्रवृत्ति कार्यक्रम राज्यस्तरबाटै व्यवस्था गरेको पाइन्छ ।
२००७ सालको परिवर्तन पछि नेपाली जनतामा शिक्षाप्रतिको आकांक्षा तिव्ररुपमा बढेको पाइन्छ । पञ्चायतकालमा छात्रवृत्ति दिएर विदेश पढ्न पठाउने, जेहेन्दार विद्यार्थीलाई स्वदेशमै अध्ययन गर्न पनि छात्रवृत्ति दिएका प्रसङ्गहरु पाइए पनि २०४७।४८ सालदेखि मात्रै शैक्षिक प्रशासन महाशाखा अर्न्तगत छात्रवृत्ति शाखाको स्थापना गरी छात्रवृत्तिको व्यवस्था गरेको पाइन्छ । शिक्षा ऐन २०२८ को सातौं संशोधन २०५८ पछि वनेको शिक्षा नियमावली २०५९ को धारा १५१ को उपधारा १ मा कक्षामा प्रथम, द्वितीय हुने विद्यार्थीलाई जेहेन्दार छात्रवृत्तिस्वरुप शिक्षण शुल्कमा निश्चित प्रतिशत छुट दिनु पर्ने व्यवस्था गरेको छ । वि.सं. २०५२/२०५३ देखि सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत दलित छात्रवृत्ति, ५० प्रतिशत छात्रा छात्रवृत्ति, कर्णाली प्रदेश छात्रवृत्ति, र २०६२/२०६३ देखि सहिदका छोराछोरीलाई छात्रवृत्ति, अपांग छात्रवृत्ति जस्ता थुपै छात्रवृत्ति कार्यक्रमहरु सञ्चालन भएका छन् ।आर्थिक वर्ष २०६६-२०६७ देखि विपन्न छात्रवृत्तिकार्यक्रम पनि सञ्चालनमा आएको छ । पचास प्रतिशत छात्रा पर्ने गरी कक्षा ९ र १० मा अध्ययन गर्ने जेहेन्दार तर आर्थिक रुपले पछि परेका विपन्न विद्यार्थीलाई यो विपन्न छात्रवृत्ति दिने लक्ष्य सरकारले राखेको छ ।

आर्थिक वर्ष २०५२/५३ देखि सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत दलित छात्रवृत्ति कोषको स्थापना गरी विद्यालयमा भर्ना भएका सम्पूर्ण दलित विद्यार्थीलाई आधारभूत तह (२०६६ देखि १-८) मा छात्रवृत्ति दिने व्यवस्था नेपाल सरकारले गरेको छ । त्यस्तै अन्य गैह्र सरकारी संघसंस्था जस्तै नेष्डो नेपाल प्लान नेपाल जस्ता संस्थाहरुद्वारा पनि दलित जनजातिका नाममा थुप्रै सहयोगका कार्यक्रमहरु सञ्चालन भएका छन् तर पनि त्यही समूहका बालबालिका अझै विद्यालय वाहिर छन् । कक्षा छाड्ने पनि उनीहरु नै बढी रहेका छन् । सिकाइ उपलब्धिको स्तर पनि गैह्र दलितको भन्दा उनीहरुको न्यून छ । लगानीको अनुपातमा प्रतिफल बढेको देखिँदैन ।

सरकारलाई विश्व सामु आफू असफल भैएला भन्ने डर, विश्व समुदायलाई आफ्नो प्रतिवद्धता पुरा नहोला र आफ्नो लगानी पनि खेर जाने हो की भन्ने शंका भए पनि लक्षित समूहमा जब सम्म शिक्षालाई हेर्न सकारात्मक दृष्टिकोणको विकास हुँदैन तबसम्म उनीहरु शिक्षा आर्जन गर्नेतर्फ आकर्षित हुँदैनन् । शिक्षा व्यक्तिलाई सजाउने गहना होइन व्यक्तिले कामगरी खाने

हतियार वन्नु पर्दछ । आधारभूत शिक्षा निःशुल्क, सर्वसुलभ, गुणस्तरीय हुनुका साथै अनिवार्य हुनुपर्दछ । आधारभूत शिक्षा प्राप्त गर्ने सम्मको आर्थिक हैसियत नभएका विद्यार्थीलाई शैक्षिक सामग्री किन्न र खानलाउन को लागि समेत सहुलियतदरको रासनकार्डहरुको व्यवस्था गर्नु पर्दछ । छात्रवृत्ति दिंदा पनि आर्थिक विपन्नतालाई बढी ग्राह्यता दिनु पर्दछ । वर्गीय विभेदीकरण नगरी दिएको छात्रवृत्ति साँच्चीकै गरीवका लागि साह्रै न्यून भएको र सम्पन्न दलितमा त्यसको कुनै महत्व नै नभएको स्थिति देखा परेको छ । कसैलाई दलित भएकै मात्र कारणले छात्रवृत्ति दिनु सामाजिक न्याय विपरित कार्य भएको देखिन्छ । वर्गविभेद विनाको समान अवसरले सामाजिक न्याय गर्दैन् वरु वर्गविभेद सहितको समता मूलक नीति अन्तर्गगत आर्थिक स्तर न्यून भएकाहरुको आर्थिक हैसियत वृद्धि गरी शिक्षामा उनीहरुको पहुँच बढाउन सघाउनु पर्दछ छात्रवृत्ति कार्यक्रमले । छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता छात्रवृत्ति दिएर मात्रै बढ्दैन, त्यसको सदुपयोग र दुरुपयोगगको बारेमा जानकारी पाउन र दुरुपयोग रोक्न अनुगमन कार्यक्रमको पनि त्यक्तिकै आवश्यकता हुन्छ ।

### १.२ समस्याको कथन

शिक्षा मानवको तेस्रो आँखा एवं विकासको आधार स्तम्भ हो । मानवको सबभन्दा ठूलो पूँजी शिक्षा हो । शिक्षामा गरिएको लगानी नै सर्वश्रेष्ठ लगानी हो । शिक्षा मार्फत नै व्यक्तिले आफनो ज्ञान, सीप र क्षमताको अभिवृद्धि गरी आफूलाई परिवर्तित, परिस्थितिसँग समायोजन गराउन सक्छ । सूचना र सञ्चारमा भएको तिव्र विकास र विस्तारले विश्वलाई साँगुरो वनाएको छ । कुनै पनि देशको मान्छे आफ्नो देशमा मात्र सिमित रहेर बाँच्न नसक्ने बेला आएको छ । राष्ट्रिय मात्रै होइन अर्न्तराष्ट्रिय स्तरमा  प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास गराउनु पर्ने आवश्यकता एकथरी मानिसले महसुस गरी राखेका छन् भने स्वदेशमा आर्जन गरेको ज्ञान अन्य देशमा काम नलाग्ने ठानी विदेशमा पढ्न जाने नेपाली पनि नभएका होइनन् । यसरी एकथरी मानिसमा गुणस्तरीय, सीप मूलक ज्ञान आर्जन गर्ने तिव्र आंकांक्षा बढेको छ । भने वाँकी केही मानिसहरु साक्षर हुन पनि चाहाँदैनन् । विहान वेलुकाको हातमुख जोड्ने समस्यासँग जुध्नुमा मात्रै उनीहरुको दिनचर्या वितेको हुन्छ । नेपालमा पिछडिएको समुदायमा दलितहरु, जनजातिहरुलाई शिक्षा आर्जनमा सहभागी वनाउनको लागि राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरबाट निकै कसरत गर्दा पनि खासै सकारात्मक प्रभाव परेको देखिदैन ।

"सबैका लागि शिक्षा, लक्ष्य पुरा गर्ने हाम्रो सामुहिक प्रतिवद्धता " भन्ने डकार कार्यढाँचा (सन् २०००-२०१५) को नारालाई साकार रुप दिन विश्व समुदायको ध्यान नेपाल जस्ता विकासोन्मूख देशतर्फ केन्द्रित भएको छ। सन् २०१५ सम्म विद्यालय वाहिर रहेका सम्पूर्ण बालबालिकालाई विद्यालय प्रवेश गराउन, आर्थिक रुपले विपन्न, चेतनागत रुपले पिछडिएका, उत्पिडित, दलित महिला, कठिन परिस्थितिबाट गुज्रिएका अपांग, असहाय बालबालिकालाको विद्यालयसम्म पुग्ने पहुँच अभिवृद्धि गरी निस्पक्षता र समताका आधारमा न्यायपूर्ण शैक्षिक अवसरको सुनिश्चितता गर्नका लागि विभिन्न खाले छात्रवृत्ति कार्यक्रमहरु सञ्चालनमा आएका छन् । त्यस्तै खाले कार्यक्रम मध्येको एउटा हो दलित छत्रवृत्ति कार्यक्रम । विद्यालयमा भर्ना भएका सम्पूर्ण दलितहरु यो छात्रवृत्तिका दावेदार मानिन्छन् । २०६६ साल पूर्व प्रति विद्यार्थी ३५० का दरले प्रा.वि. स्तरका सबै दलित विद्यार्थीलाई दिइन्थ्यो भने २०६६/२०६७ सालदेखि आधारभूत तह (१-८) का सम्पूर्ण दलितलाई प्रति विद्यार्थी रु ५०० का दरले छात्रवृत्ति दिने भनि शिक्षा विभागले जि.शि.का. मार्फत विद्यालयलाई निर्देशन दिएको छ । सरकारले विद्यार्थीलाई उपलब्ध गराउने पि.सि.एफ. वापतको आर्थिक अनुदान पनि अन्य विद्यार्थीलाई भन्दा दलितलाई धेरै छ । गैह्र सरकारी संघसंस्थाले पनि दलितहरुलाई राहत दिने थुप्रै कार्यक्रमहरु सञ्चालन गरेका छन् ।

वर्तमान समयमा दलित विद्यार्थीका लागि निकै ठूलो मात्रमा धन र समय खर्चिएको छ तर यसबाट आउने प्रतिफल खासै बढेको देखिंदैन । दलित छात्रवृत्ति कार्यक्रम मार्फत दलितमा गरिएको शैक्षिक लगानीको उत्पादन जुन अनुपातमा बढ्नु पर्दथ्यो त्यो अनुपातमा किन बढेन ? हुन त शिक्षामा गरिएको लगानीको प्रतिफल ढिलो प्राप्त हुन्छ तैपनि केही सकारात्मक प्रभाव तत्काल देख्न सकिने पनि हुन्छ । यो छात्रवृत्ति कार्यक्रमले लक्षित वर्गमा केही सामान्य सकारात्मक प्रभाव पारेपनि लक्षित विन्दुमा पुऱ्याउने गतिमा यसको सकारात्मक प्रभाव बढेको देखिदैन । यही नै यसको मुख्य समस्या हो । यसका अतिरिक्त छात्रवृत्तिले विद्यार्थी भर्नादर, टिकाउदर र सिकाइ उपलब्धिको स्तरमा पारेको प्रभाव तथा छात्रवृत्ति कार्यक्रमका कमजोर पक्षहरुको पहिचान गरी यस्ता कमजोर पक्ष हटाउने उपायहरु खोजी गरी यसको प्रभावकारिता कसरी अझ बढाउन सकिन्छ भन्ने समस्यामा केन्द्रित रही अध्ययन कार्य अगाडी बढाइएको छ ।

### १.३ अध्ययनको औचित्य

पाउलो फ्रेरेको उत्पीडितको शिक्षाशास्त्र (सन् १९७०) का अनुसार दबिएकाहरुको स्तर उठाउन पैसा होइन न्याय दिनु पर्दछ । विकासको सिद्धान्त अनुसार गरीवलाई मरेका माछा होइन माछा मार्ने जाल दिनु पर्दछ तर हाम्रो देश नेपालमा गरीवलाई न्याय होइन पैसा, जाल होइन माछा दिएर राहत दिएको ढ्वाङ रच्ने गरिएको छ । वर्गीय, लैङ्गीक, जातीय उत्पिडक सिद्ध भएका विभेदकारी नीति नियमहरु कागजी रुपमा हटाए पनि व्यवहारमा हटेका छैनन् । पिछडिएका एवम् उत्पिडित समुहका नाममा छुट्याइएका आरक्षण र कोटाको फाइदा पनि त्यही समुह भित्रका २,४ जना टाठा, बाठा भनाउदाहरुले नै हात पारेका छन् । ज्ञान, सीप, क्षमताको अभिवृद्धि गरी, सशक्तिकरण, आत्म जागरण एवं सचेतिकरणको माध्यमबाट उनीहरुको स्तर वृद्धि गर्नु पर्दछ । कोटा र आरक्षण छुट्याएर विना मेहनत विभिन्न अवसर प्राप्त हुन थाल्यो भने उनीहरुमा श्रम गर्ने बानी विग्रन्छ, अल्छिपना बढ्छ अन्त्यमा त्यो समूह कालान्तरसम्म आफ्नो खुट्टामा उभिने वा स्वावलम्वि वन्ने अवसरबाट वञ्चित हुन्छ । क्षमताको अभिवृद्धि गरी प्रतिस्पर्धाद्वारा राज्यद्वारा वा समाजमा उपलब्ध अवसरहरु प्राप्त गर्ने वानीको विकास गराउनु पर्दछ । यो अध्ययन कर्तालाई के कुरा खड्किएको छ भने छात्रवृत्ति कार्यक्रम आफैमा नराम्रा छैनन् तर जातीय विभेद झल्काउने अछुत वा शुद्र कै पर्यायवाची शब्द दलित शब्द जोडेर दलित छात्रवृत्ति कोष भनि नाममाकरण गरिएको छ, जसले जातीय विभेदलाई बढवा दिन्छ । अर्को कुरा यो छात्रवृत्ति पाउन कुनै योग्यता चाहिंदैन, दलित भएकै भरमा यो छात्रवृत्ति पाइन्छ । विना वर्ग विभेद यो छात्रवृत्ति वितरण गरिन्छ । भव्य महलमा वस्ने, निजी कारमा दगुर्ने उच्च ओहोदाका व्यक्तिका छोराछोरीले पनि दलित भएकै कारण यो छात्रवृत्ति पाउन सक्छन् । आर्थिक रुपले विपन्न वर्गका दलित विद्यार्थीलाई यो कार्यक्रमले खासै राहत दिन सकेको छैन । कार्यक्रमको उद्देश्य अनुरुपको उपलब्धि हासिल हुन नसक्नुका पछाडी के के कारणहरु छन् ? यसको सकरात्मक प्रभाव अरु बढाउन के के उपायहरु अपनाउन सकिएला भन्ने कुराको खोजी गर्नु नै यस अध्ययन कार्यको महत्व रहेको छ । यो अध्ययन कार्यको निष्कर्षले शिक्षामा लगानी गर्ने लगानी कर्ता र यसबाट लाभान्वित हुने लक्षित समूह दुवैको सोचमा परिवर्तन ल्याउने छ । लगानी कर्तालाई वर्गीय विभेद गरी छात्रवृत्ति वितरण गर्न, लक्षित वर्गलाई राहत पुग्ने गरी यसको मात्रात्मक दायरा बढाउन र वितरण पछि हुने दुरुपयोग रोक्न अनुगमन प्रणालीलाई चुस्त पार्न र लक्षित वर्गलाई छात्रवृत्ति पाउन मात्र होइन आफ्नो क्षमताको अभिवृद्धि गरी स्वावलम्वि वन्न विद्यालय जानुपर्दछ भन्ने मान्यताको विकास गराउने छ ।

### १.४ अध्ययनको उद्देश्य

यी अध्ययनका उद्देश्यहरू निम्न लिखित छन् :

क) दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभावको लेखाजोखा गर्ने ।

ख) दलित र जनजाती विद्यार्थीको सिकाई उपलब्धिको तुलना गर्ने ।

ग) दलित विद्यार्थीको शैक्षिक उपलब्धिका चुनौतिहरु पहिचान गर्ने ।

घ) दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरू सुझाउने ।

### १.५ शोध प्रश्नहरू

अध्ययनमा तोकिएका उद्देश्यहरू पूरा गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरू रहेका छन्:

क) दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव कस्तो छ ?

ख) विद्यार्थी भर्नादर कस्तो छ ?

ग) कक्षा छाड्ने, दोहोऱ्याउने र उतिर्णदर कस्तो छ ?

घ) प्रा.वि. तह पार गर्ने दर कस्तो छ ?

ङ) दलित र जनजाती विद्यार्थीहरुको सिकाई उपलब्धिको स्तर कस्तो छ ?

च) विद्यार्थीहरुको कक्षागत स्थान कस्तो छ ?

छ) दलित विद्यार्थीको शैक्षिक उपलब्धिका चुनौतीहरु के के छन् ?

ज) दलित र जनजाती विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरू के के हुन् ?

### १.६ अध्ययनका परिसीमाहरु

समय र स्रोतसाधनको सीमितताका कारणले गर्दा व्यापक क्षेत्रलाई छोट्याएर अध्ययन गर्नुपर्ने वाध्यताले गर्दा यस अध्ययन कार्यका निम्न परिसीमाहरु तोकिएका छन् ।

पर्वत जिल्ला नुवार सुवेदीथर स्रोतकेन्द्रअन्तर्गत पर्ने पाङ्ग गा.वि.स.का चारवटा प्रा.वि, २ वटा मा.वि र एक वटा उच्च मा.वि गरी जम्मा सातवटा सामुदायिक विद्यालयहरुमध्ये एक वटा

प्रा.वि दुई वटा मा.वि र एक वटा उच्च मा.वि गरी चारवटा विद्यालयहरु क्रमशः श्री खरिबोट गोविन्दनाथ देवशर्मा मा.वि. अर्चले, श्री गणेश प्रा.वि. ततरकोट, श्री नुवार सुवेदीथर मा.वि. चौंडिला र श्री पाङ्ग धैरेनी उच्च मा.वि. कुनाचौर पर्वतमा मात्र अध्ययन कार्य सिमित गरिएको छ । दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिले पारेका प्रभावलाई मापन गर्ने सुचकको रुपमा विद्यार्थीभर्ना दर, कक्षा छाड्ने र कक्षा दोहोर्‍याउने दर, प्रा.वि तह पार गर्ने दरका साथै कक्षा ५ को सिकाई उपलब्धि परिक्षण परीक्षाका नतिजा विश्लेषण गरी सिकाई उपलब्धिको स्तर श्रेणिकरण गरिएको छ । उक्त कार्य सम्पन्न गर्न प्रा.वि.तह (कक्षा १-५) मा अध्ययन गर्ने छात्रवृत्ति प्राप्त गरेका दलित विद्यार्थीले प्राप्त गरेको उपलब्धिलाई सोही तहमा अध्ययन गर्ने छात्रवृत्ति प्राप्त नगरेका जनजाती विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग तुलनात्मक अध्ययन गरिएको छ । यसका साथै प्रश्नावली मार्फत प्राप्त उत्तरको अधारमा उक्त क्षेत्रमा देखा परेका समस्या तथा चुनौतिहरुको पहिचान गरी सामाधानका उपायहरु समेत उल्लेख गरिएको छ ।

# परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनकार्य सम्पन्न गर्नको लागि सैद्धान्तिक आधारको रुपमा पाउल स्टोन र ली रायको समालोचनात्मक/अन्तरविरोधात्मक चिन्तन अन्तर्गत पर्ने सामाजिक जागरण र सचेतीकरण सिद्धान्तलाई लिइएको छ । त्यस्तै दलित र छात्रवृत्तिसँग सम्बन्धित लेखहरु, शोधपत्रहरु, अध्ययन प्रतिवेदनहरुका साथै शिक्षा ऐन, नियमहरु, विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरु, एस.आइ.पि., एस.एस. आर. पि. लगायत विभिन्न सम्बन्धित पुस्तकहरुमा उल्लेखित सन्दर्भहरु समावेश गरी सम्बन्धित साहित्यको सिंहावलोकन गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व साहित्यको अध्ययन गर्ने क्रममा यस शोधअध्ययनको शीर्षकसँग मेलखाने दलित र छात्रवृत्ति सम्बन्धि गरिएका अध्ययन, अनुसन्धान, लेख प्रतिवदेनहरुको सारलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

सिन्हा रामस्वरुप (२०६५) अनुसार समुदायमा सिमान्त समुहमा रहेकाहरुको आर्थिक पूजी मात्रै होइन सामाजिक स्तर एवम् सास्कृतिक पुँजी समेत तल्लो स्तरमा पर्न जाने हुनाले विद्यार्थीको शैक्षिक उपलब्धिमा यसको प्रत्यक्ष प्रभाव पर्दछ । जातजाती र वर्गको प्रभावका कारण कुलिन जातको तुलनामा पिछडिएको जातिको विद्यार्थीको कक्षा छाड्ने प्रवृत्ति बढि रहेको, शैक्षिक उपलब्धि स्तर न्यून रहेको र अध्ययन गर्ने अवसर पनि कम रहेको पाइएको छ ।

गिरी, जितेन्द्रदेव (२०५४) का अनुसार दलित समुदायको शैक्षिक तथा सांस्कृतिक समस्याको समाधानको उपायको रुपमा विद्यालय तथा छात्रवासमा समानता हुनुपर्ने, जातीय भेदविरोधी पाठहरु समावेश हुनु पर्ने, दलितको लागि औपचारिक र विशेष शिक्षा कार्यक्रम लागू हुनुपर्ने, शिक्षा र रोजगारीको क्षेत्रमा आरक्षणको व्यवस्था हुनु पर्ने कुरामा जोड दिइएको छ ।

राई, वमबहादुर (२०६३) का अनुसार दलितहरुको शैक्षिक अवस्थामा तल्लो तहमा भन्दा

माथिल्लो तहमा साह्रै न्यून सहभागिता रहेको, पुरुषको तुलनाममा महिलाहरु शिक्षामा पछि परेको देखिएको छ । दलितहरु विद्यालय नजानुका कारणहरुमा गरिवी, भेदभाव, चेतनाको कमी, छिटो विवाह, लिङ्ग भेद, शिक्षाप्रतिको नकारात्मक दृष्टिकोणलाई उल्लेख गरिएको छ र समस्या समाधानका लागि छात्रवृत्ति दिनु पर्ने, निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने, विभेदकारी व्यवहार हटाउनु पर्ने, चेतनामूलक कार्यक्रमहरु अभियानका रुपमा चलाउनु पर्ने, लैङ्गिक समानता कायम गर्नु पर्ने जस्ता कुराहरु प्रस्तुत गरिएका छन् ।

काफ्ले, लालप्रसाद (२०६३) का अनुसार छात्रवृत्तिको कारणले विद्यार्थीको भर्नादर बढेको, कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दर घटेको, शैक्षिक उपलब्धि स्तर बढेको कुरालाई प्रस्तुत गरिएको छ । समस्याको रुपमा प्रजातान्त्रिकरण अनुसार विद्यार्थी छनोट नगरिएको छात्रवृत्तिको रकम न्यून रहेको, सकारात्मक विभेदीकरण नीति लागु नगरिएको भनिएको छ भने समस्या समाधानको लागि छात्रवृत्तिको रकमको मात्रा बढाउनु पर्ने, विद्यार्थी छनोट  र वितरण प्रक्रियामा पारदर्शीता हुनुपर्ने, वित्तिय सहायताका साथै शैक्षिक चेतना बढाउनु पर्ने कुरा उल्लेख गरिएको छ ।

विश्वकर्मा, बालमाया (२०६३) का अनुसार नेपालमा गरिवीको रेखामुनी रहेका ३१ प्रतिशत गरीवहरु मध्येका ९० प्रतिशत गरिव दलित नै रहेको, शैक्षिक क्षेत्रमा दलितहरुको सहभागिता अत्यन्त न्यून रहेको, दलितको साक्षरता प्रतिशत जम्मा ३३.८ प्रतिशत रहेको, स्नातक सम्म पुग्दा जम्मा ३.८ प्रतिशत र सो तह भन्दा माथि जम्मा ०.४ प्रतिशत मात्र रहेको तथ्यांक उल्लेख गरिएको छ । दलितहरुको शिक्षा प्राप्तिमा पहुँच अभिवृद्धि गर्न दलित छात्रवृत्तिकोषको स्थापना भएको भएता पनि त्यस कार्यक्रमले दलितलाई खासै राहत दिन नसकेको कुरा उल्लेख गरिएको छ तर दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता कम हुनुको कारण,यसको प्रभावकारिता बढाउने उपायहरु र स्वयं दलितले निर्वाह गर्नु पर्ने भूमिकाको उल्लेख गरिएको छैन ।

घिमिरे, शुदर्शन (२०६६) द्धारा लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी निबन्ध संग्रहबाट साभार गरिएको शिक्षा नामक निबन्धका अनुसार आज भन्दा ६५-७० वर्ष अघि नेपालमा जस्ताखाले शैक्षिक समस्याहरु थिए ती आज पनि ज्युँ का त्युँ भएकोले यहाँ उल्लेख गरिएको छ । कविको उक्त निबन्ध अनुसार नेपालमा धेरै गरिवहरु, उत्पिडितहरु शिक्षातर्फ आकर्षित हुन नसक्नुको

कारणमा वाक्क लाग्दा पाठहरु, व्यक्तिगत भिन्नतालाई वेवास्ता गरी सबैलाई एउटै शिक्षण विधि अपनाइनु, अल्पज्ञानको कट्टरताले ठोकुवा मिजासका शिक्षकहरु र अव्यवहारिक शिक्षालाई मानिएको छ । निबन्धअनुसार शिक्षा भनेको त्यस्तो केही कुरा हुनु पर्छ जसले किसानको आदत लेओस्, माटो खनोस् र मलिलो वनाओस्, शिक्षा जन्जीर नहोस्, ऐठन नहोस् बरु बनोस्, विकासलाई सहायता दिने प्राकृत उपाय । पाठ्यक्रम घरमा, परीक्षा खेतमा हुनु पर्छ, औपचारिकतामा सिमित भन्दा व्यवहारिकता आवश्यकता र जनचाहना अनुसारको शिक्षा हुनु पर्दछ । नाङ्गै जन्मनु ले बुन्न सिकाए झै आवश्यकता अनुसारको सीपमूलक व्यवहारिक शिक्षाले मात्र सबैमा गरीखाने सीप दिन सक्छ र विद्यार्थीहरु शिक्षातर्फ आर्कार्षित हुन्छन् ।

राउत, चक्रबहादुर (२०५८) का अनुसार छात्रा छात्रवृत्तिले छात्रा भर्नादर बढेको, उत्तीर्णदर पनि क्रमशः बढ्दै गएको, कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमी आएको, नियमितता र आनी बानीमा समेत सकारात्मक प्रभाव पेरेको देखिएको छ । छात्रा छात्रवृत्तिका समस्याको रुपमा छात्रवृत्तिको कोटा न्यून रहेको, छात्रवृत्तिको रकम समयमा उपलब्ध नभएको, छात्रवृत्तिको दुरुपयोग रोक्न कुनै पहल नगरिएको जस्ता कुराहरु उल्लेखित छन् भने समस्या समाधानको रुपमा छात्रवृत्तिको कोटा बढाउनु पर्ने, कार्यक्रमको नियमित निरीक्षण र अनुगमन हुनुपर्ने, रकमको सट्टा शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने जस्ता कुराहरु उल्लेख गरिएको छ ।

दलित सेवा संघ (२०५३) का अनुसार शैक्षिक विकासको दृष्टिले दलितहरु पछि परेको, उनीहरुको शैक्षिक विकासमा राज्य स्तरबाटै विशेष प्राथमिकता दिनु पर्ने जस्ता कुराहरु अपेक्षा गरिएको छ तर दलितहरु स्वयं जागरुक हुनुपर्ने, सचेत हुनुपर्ने, आफ्नो उत्थानको लागि आफै जुट्नु पर्ने र अर्काको सहयोगको मात्रै भर पर्न नहुने जस्ता कुराहरु उल्लेख गरिएको छैन ।

दाहाल, यज्ञरथ (२०६१) का अनुसार विद्यालयमा दलित विद्यार्थी र गैरदलित विद्यार्थीहरुको भर्ना स्थिति, उत्तीर्णदर, कक्षा दोहोऱ्याउने दर र कक्षा छाड्ने दरमा दलित बालबालिका कम सहभागी हुनुमा वाद्य पार्ने कारणहरु र शैक्षिक सहभागिता सम्बन्धि समस्याहरु जस्ता उद्देश्यहरुमा आधारित रही दलित समुदायमा देखिएका ती समस्याहरुको समाधान गर्न जोड दिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

उपर्युक्त विभिन्न सन्दर्भ अनुसार दलित र छात्रवृत्ति सम्बन्धि थुप्रै शोध खोजहरु भएका छन्

शिक्षामा दलितहरु, दविएकाहरु, जनजातिहरु एवम् महिलाहरुको कम सहभागिता रेहको छात्रवृत्ति कार्यक्रमले उक्त समुहका बालबालिकाहरु विद्यालयतर्फ आकर्षित भएको जस्ता निस्कर्षहरु पनि निकालिएका छन् तर यो अध्ययनकर्तालाई के लागेको छ भने नेपालमा शिक्षामा पछि परेकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने भनेर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरबाट निकै ठूलो मेहनत र लगानी गरिएको छ तर लगानीको अनुपातमा उपलब्धि साह्रै न्यून छ । न्यून चेतना स्तर भएका दलित समुदायका बालबच्चाहरुको विद्यालयमा भर्ना हुने दर सामान्य रुपमा बढेको भए पनि उनीहरुमा पढ्न भन्दा पनि छात्रवृत्ति पाउनका लागि विद्यालयमा जाने भन्ने मानसिकता पाइन्छ । छात्रवृत्ति कार्यक्रमको मर्म र उद्देश्य नवुझेर त्यसको दुरुपयोग गर्नेहरु पनि थुप्रै रहेका छन् दलित भएकै मात्र कारणले छात्रवृत्ति दिने सरकारी नीतिले पनि यसको महत्व घेटेको पो होकी ? पाउलो फ्रेरे (१९७०) ले भनेझैं दबिएकाहरुलाई पैसाले होइन न्यायले उनीहरुको स्तर उकास्न सकिने पो होकी ? आर्थिक सुविधाका साथै शिक्षाको गुणस्तर अभिवृद्धि गर्दा शिक्षालाई व्यवहारिक र वैज्ञानिक वनाएर गरिखाने हतियारको रुपमा शिक्षाको विकास गर्दा, शिक्षालाई हेर्ने नकारात्मक दृष्टिकोणा परिवर्तन गरी सकारात्मक सोचको विकास गराउन सकेमा सबैको शिक्षाप्रति आकर्षण गर्न सकिन्छ कि ?

समाजका हरेक पक्ष र पाटाहरु विकासको क्रममा हुन्छन्, सचेत प्रयत्न बढी गरेमा विकासको गतिमा तिव्रता आउँछ भने कुनै प्रयत्न नै नगरे पनि मन्द गतिमा विकासको क्रम अगाडि बढेकै हुन्छ । दलितहरुको शिक्षा प्राप्तीको आकांक्ष केही बढेको पक्कैछ । चेतना स्तरमा पनि केही मात्रामा भएपनि वृद्धि भएको छ तर यो वृद्धि र विकासको गति उनीहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने र निश्चित समय अवधिमा तोकेको लक्षमा पुग्ने जुन कार्यक्रम छ सोही अनुसार जुन तीव्रतामा हुनुपर्ने हो त्यो नभएको सत्य हो । त्यसैले छात्रवृत्ति कार्यक्रमले दलित विद्यार्थीहरुमा पारेको प्रभाव अध्ययन गरी यसको प्रभाव अरु बढाउने उपायहरुको खोजी गर्ने उद्देश्यले यो विषय छनोट गरी अध्ययन कार्यलाई अगाडि बढाउने जमर्को गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययन कार्यको सैद्धान्तिक खाकाको रुपमा अन्तर विरोधात्मक/समालोचनात्मक चिन्तन अन्तर्गतको सामाजिक जागरण र सचेतीकरण सिद्धान्तलाई लिएको छ । यो सिद्धान्त सन् १९६०

पछि पाउल स्टोन र लिरायद्वारा प्रतिपादित भएको हो । सामाजिक जागरण सिद्धान्त अनुसार कुनै पनि व्यक्ति आफ्नो गन्तव्यमा पुग्न खोज्छ त्यसको बाटामा विभिन्न बाधा अड्चनहरु आउन सक्छन् यदि व्यक्ति उच्च मनोवल भएको, आत्मविश्वास भएको छ भने उसले आफ्ना बाधा अड्चनहरु हटाएर अघि बढ्छ  कमजोर छ भने बैकल्पिक बाटो रोज्छ । बाधा अड्चन हटाउने बेला २ शक्ति बीच झगडा, कलह उत्पन्न हुन्छ त्यसलाई द्वन्द्व भनिन्छ । शिक्षा क्षेत्रमा पनि भेदभावपूर्ण नीतिले गर्दा सबैलाई समान अवसर नदिंदा समाजमा अन्याय, अत्याचार, थिचो मिचो बढ्छ, आफ्नो अधिकार उपयोग गर्न नपाउँदा स्वभाविक रुपमा द्वन्द्व उत्पन्न हुन्छ र सामाजिक संघर्ष बढ्दै जान्छ । त्यसले दविएकाहरुलाई अरु बढी  जागृत पार्दै लैजान्छ । सामाजिक द्वन्द्व बढ्न नदिन जागरुक विद्यालय मार्फत आफ्नो अधिकार, कर्तव्य स्वतन्त्रताबाट बञ्चीत रहेकाहरुमा सचेतना अभिवृद्धि गराउन, जागरुक विद्यालयहरुले प्रजातान्त्रिक सचेतना शिक्षा, राजनीतिक सचेतना शिक्षा, महिला जागरुक्ता शिक्षा, सांस्कृतिक जागरण एवम् जातीय मुक्ति चेतना अभिवृद्धि गराउने कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्नुपर्छ ।

त्यस्तै सचेतीकरण सम्बन्धमा पाउल स्टोन र ली राय (सन् १९६०) ले शिक्षाले सामाजिक र राजनैतिक प्रक्रियाबाट समाजलाई आन्दोलित गर्न सकिन्छ भन्ने अवधारणा राखेका छन् । उनीहरुका अनुसार विभिन्न समूह र जात जातिका इच्छा र  आकाक्षाहरुलाई एउटै चिन्तनको ढाँचा भित्र राख्न सकिन्छ र यिनीहरुबाटै सामाजिक संरचनाममा परिवर्तन ल्याउन सकिन्छ । सचेतीकरण एवम् सशक्तिकरणद्वारा दविएकाहरुलाई आफ्ना अधिकारप्रति सचेत पार्न सकिने विचारसँग पाउलोफ्रेरे द्वारा सन् १९७० मा प्रकाशित पुस्तक प्याडागोजी अफ द अप्रेस्ड मा उल्लेखित विचार पनि मेल खान्छ । पाउलो फ्रेरेले धार्मिक उदारतावादमा मार्क्सवादी चिन्तन मिसाएर समाजको विश्लेषण गर्ने सीपलाई  समालोचनात्मक
सचेतीकरण नाम दिए । उनले  वर्तमान शिक्षा प्रणालीमा निकै ठूलो खोट देखाए, उनले वर्तमान शिक्षा प्रणालीलाई वैङ्किङ सिट्म भनि आलोचना गरे । यो सिस्टमले विद्यार्थीको सिर्जनात्मक क्षमतालाई नष्ट पारिदिने मान्यता स्थापित गरे । शिक्षकलाई उदार, मानवतावादी, जनपक्षीय बनाउनको लागि सहभागितामूलक शिक्षण विधिको विकास गरे उनले विद्यार्थीलाई समाजको विश्लेषक,  शिक्षकलाई  मानवतावादी, विवेकशील, संघर्षशील, सक्रिय, समाजिक  कार्यकर्ताको रुपमा  स्थापित गरे । गरीव, निमुखाहरुलाई वा दविएकाहरुलाई धन होइन न्याय दिनुपर्दछ भन्ने मान्यता स्थापित गरे  ।

पाउलो फ्रेरेको उक्त दविएकाहरुका लागि शिक्षा (सन् १९७०) नामक पुस्तकका अनुसार भाषाको माध्यमबाट शिक्षण नगराइ सिकारुको आवश्यकता अनुकूल एवम् उनीहरुकै सक्रिय सहभागितामा मात्र साक्षरता शिक्षा सञ्चालन गर्नुपर्दछ भन्ने रहेको छ । विषयवस्तु भन्दा शिक्षण विधिमा बढी ध्यान दिनुपर्दछ । शोषित पिडित वर्गलाई सशक्तिकरण गर्न सकेमात्र मानव विकासमा टेवा पुग्दछ । उनले त्यस वर्गको सचेतीकरण, समस्याकरण, संस्थापन, विस्थापन, स्वतन्त्रता, सशक्तिकरण, सहभागितात्मक शब्दको व्याख्या गर्दै प्रतिविम्वात्मक चिन्तनको स्थापना गरे । यो प्रतिविम्वात्मक चिन्तन विभिन्न चिन्तनहरुको संमिश्रण हो । पाउलो फ्रेरे (सन् १९७०) का अनुसार दलितहरु वास्तवमा जन्म देखि नै अन्धविश्वास र अन्धकारको जालोमा रुमलिएका हुन्छन् । समाजिक मूल्य र मान्यताले उनीहरुमा हतकडीको काम गरिराखेको हुन्छ । यस्तो अवस्थामा उनीहरु चाहेर वा नचाहेर पनि परम्परागत मूल्य र मान्यता अनुसार चलेका हुन्छन् । जुन मूल्य र मान्यता इतिहासको कुनै कालखण्डमा उनीहरुले आफ्नो भौतिक अस्तित्व रक्षाको लागि आफ्नो स्वतन्त्रता बेची कसैको अधिनता स्वीकारेबाट सिर्जना भएको हुन्छ । शोषितहरु विभाजित र असंस्कृत हुनुले उनीहरुमाथि अत्याचार गर्न मद्दत गरिरहेको हुन्छ । यस्तो अवस्थामा उनीहरु आलोचनात्मक अन्वेषणबाट आफ्नो पिर मर्का तथा अन्याय र अत्याचार बारेमा बोल्न थाल्छन् । यो अवस्था स्वतन्त्रीकरण तर्फको उनीहरुको प्रयास हो जसलाई उनीहरु विवेकी करण भन्दछन् यो प्रयास उनीहरुका लागि प्रसव पिडा जस्तै कठिन हुन्छ ।

यसरी उनीहरुलाई जागरण, चेतनाद्वारा सचेत पारी उनीहरुका खोसिएका हक अधिकारहरु उनीहरुद्वारा नै फिर्ता गराउनु पर्दछ । नेपालका दलित जातीका मानिसहरु समाजमा विद्यमान सामाजिक असमानता, पक्षपात एवम् भेदभावको शिकार भएका छन् । जातीय विभेदताका कारणले उनीहरुको शिक्षामा पहुँच रहन सकेन । शिक्षाको कमीले गर्दा उनीहरुको चेतनास्तर न्यून रह्यो । जसको कारणले उनीहरुको आनीबानीमा समेत सुधार हुन सकेन । समाजमा उनीहरुको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक अवस्था नाजुक रहन गयो । उनीहरुको नाजुक अवस्था नै वर्तमान समयमा विकासको चुनौती बनेको छ । विगतमा राज्य एवम् गैर राज्यका तर्फबाट दलितहरुमाथि लादिएको छुवाछुत, भेदभावरुपी थिचोमिचो अन्त्य गरी उनीहरुको शैक्षिक पहुँच अभिवृद्धि गर्न वर्तमान समयमा निकै प्रयासहरु भएका छन् । तर पनि

अपेक्षित उपलब्धि हासिल गरेको देखिँदैन । आर्थिक सहयोगहरुद्वारा मात्र उनीहरुको शैक्षिक अवस्था सुधार्न नसकिने तथ्य हालसम्म प्राप्त न्यूनस्तरको उपलब्धिले प्रष्ट पारिसकेको छ । यस अध्ययन कार्यको सैद्धान्तिक आधारको रुपमा लिइएको सामाजिक जागरण एवम् सचेतीकरण सिद्धान्तमा भने जस्तै मानवलाई निष्कृय प्रापकको रुपमा राख्नुभन्दा सक्रिय सहभागी बनाउँदा उसको छिटो विकास हुन्छ । पिछडिएका दलितहरुलाई सर्वप्रथम आफूलहरु पिछडिनुको कारण थाहा हुनुपर्छ त्यसपछि उनीहरु आफ्नो मुक्तिको लागि संगठित र आन्दोलित हुन्छन् । तर्कवितर्क गर्न थाल्छन् र हकअधिकार उपयोग गर्न सक्ने चेतनाको अभिवृद्धि हुन्छ । त्यसपछि मात्रै उनीहरुले आफूले पाएको अवसरको सदुपयोग गर्न सक्ने हैसियत राख्दछन् । त्यसैले छात्रवृत्ति दिनुभन्दा पूर्व त्यसको महत्व बुझ्न सक्ने र सदुपयोग गर्न सक्ने सम्मको चेतनास्तर अभिवृद्धि गर्नु पर्छ । पाउलो फ्रेरे (१९७०) ले भनेझैँ वर्तमान समयका दलितहरुमा के, किन, कसरी, कति ? भनी तर्क वितर्क नगर्ने मौन संस्कृति नभए पनि उनीहरु असंगठित असंस्कृत हुनुले पछि परेको कुरा सत्य हो । अवसरलाई पनि अधिकारको रुपमा बुझ्ने र त्यसको दुरुपयोग गर्ने संस्कारको विकास भएको छ । दलितलाई विद्यालयसम्म पुऱ्याउनु, कक्षा चढाउनु मात्रै छात्रवृत्ति कार्यक्रमको उद्देश्य पक्कै पनि होइन । उनीहरुको ज्ञान, सीप अभिवृत्ति विकास गरी विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान् एवम् दक्ष नागरिक बनाउने लक्ष्य पूरा गर्नको लागि छात्रवृत्ति कोषको व्यवस्था गरिएको हो ।

त्यसैले समाजमा दबिएका, पिछडिएका र अन्यायमा परेका समुदायका मानिसहरुलाई विकासको मूल धारमा ल्याउनुपूर्व उनीहरुमाथि लादिएको अन्यायको अन्त्य गर्न उनीहरुलाई सचेत पार्नु पर्छ । वर्गीय एवम् जातीय मुक्ति आन्दोलनहरु महिलामुक्ति आन्दोलन, प्रजातान्त्रिक मूल्यमान्यता र संस्कारसम्बन्धि प्रशिक्षणहरु राजनीतिक प्रशिक्षणहरुद्वारा नागरिक हकअधिकार र कर्तव्यको उपयोगसम्बन्धि सचेतना अभिबृद्धि गरेपछि मात्रै दिएको अवसरले सार्थकता पाउँछ । यसरी सामाजिक जागरण र चेतनाद्वारा उनीहरुलाई साक्षर पार्दै शिक्षित गराउनु पर्दछ भन्ने सैद्धान्तिक मान्यतालाई आधार मान्दै यो शोधअध्ययन अगाडि बढाइएको छ ।

## २.३ सम्बन्धित साहित्यको शैक्षिक उपादेयता

सामुदायिक विद्यालयमा अध्ययनरत दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

सम्बन्धि लेखाजोखा गर्ने कार्य अगाडि बढाउनु पुर्व सम्बन्धित क्षेत्रमा हालसम्म गरिएका र गर्न बाँकी रहेका अनुसन्धान कार्यसम्वन्धी जानकारी पूर्व साहित्यको पुनर्रावलोकनबाट प्राप्त भयो । हालसम्मका अध्ययनहरुमा छात्रवृत्तिको प्रभावलाई विद्यार्थी भर्ना दर, कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने दर र उत्तीर्ण दरमा भएको सङ्ख्यात्मक प्रगतिको आधारमा विश्लेषण गरेको पाइयो । विद्यार्थीको सिकाई उपलब्धिस्तरमा छात्रवृत्तिको प्रभावको लेखाजोखा गर्ने पक्ष अधुरो रहेको महसुस भयो । नेपालको शिक्षा कोरा सैद्धान्तिक ज्ञान दिने अव्यवहारिक एवम् अवैज्ञानिक मानिन्छ । त्यसमा पनि वर्तमान समयमा सामुदायिक विद्यालयमा उदारकक्षोन्नति गर्ने सरकारी नीतिको कारण प्रा.वि. तह पार गरेका अधिकांश विद्यार्थीहरुले उक्त तहमा सिक्नु पर्ने आधारभुत कुराहरु पनि नसिकेको अवस्थामा अव गरिने लगानीहरुले शैक्षिक उपलब्धिको गुणात्मक पक्षको विकासमा जोड दिनुपर्ने देखिन्छ । उक्त अवधारणाको विकास गर्न पूर्व साहित्यको अध्ययन कोसेढुङ्गा सावित भएको छ । पूर्व साहित्यको अध्ययनबाट अध्ययनकर्तालाई अध्ययनको विषयवस्तु सम्बन्धि विस्तृत ज्ञान प्राप्त भएको छ । अध्ययनको विषयवस्तु छनौट, उद्देश्य निर्धारण गर्न समेत सजिलो भएको छ । यस अध्ययन कार्यलाई सम्बन्धित क्षेत्रको अध्ययनमा देखा परेको अपूर्णतालाई पूर्णतातर्फ उन्मुख गर्न तथा अध्ययनलाई निश्चित दिशामा डोऱ्याउन, अध्ययनको शैद्धान्तिक खाका निमार्ण गर्न पूर्व साहित्यले सघाएको तथ्यलाई पुर्व साहित्यको अध्ययनको शैक्षिक उपादेयता को रुपमा लिइएको छ ।

# परिच्छेद तीन :
# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अनुसन्धान गुणात्मक प्रकृतिको हो । रंजित कुमार (सन् १९८०) अनुसार सूचनाहरु प्राप्त गर्ने प्रकारको आधारमा अनुसन्धानहरु दुई प्रकारका हुन्छन् । ती हुन् सङ्ख्यात्मक अनुसन्धान र गुणात्मक अनुसन्धान । अनुसन्धान विषयवस्तुका चरहरुको परिमाणलाई भावात्मक रुपमा मापन गरी प्राप्त गरिने व्याख्यात्मक सूचना वा तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकालिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । सामाजिक शैक्षिक राजनीतिक जस्ता गुणात्मक पक्षसँग गाँसिएका तथ्याङ्कहरुलाई विश्लेषण गर्न यो विधि अपनाइन्छ । यो अध्ययनको विषयवस्तु शिक्षा सँग सम्बन्धित छ यसमा शैक्षिक उपलब्धि मापन गर्न निर्धारण गरिएका सुचकहरु सबै संख्यात्मक मात्र नभएर गुणात्मक पक्षसँग पनि सम्बन्धित छन् । यिनिहरुलाई प्रयोगशालामा परिक्षण  गर्न सकिदैन दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा देखापरेका समस्या एवम् समाधानका उपायहरुलाइ व्याख्यात्मक विधिबाट प्रस्तुत गरिएको छ । कतिपय भावात्मक पक्षलाई संख्यात्मक रुपमा व्यक्त गर्न नसकिने, वस्तुगतता कम हुने व्यापक क्षेत्रमा सामान्यिकरण गर्न नसकिने हुनाले यो अध्ययनको ढाचा पनि गुणात्मक प्रकृतिको छ ।

## ३.२ जनसंख्या र नमूना छनौट

यस अध्ययन कार्यका अध्ययनकर्तालाई घरपायक पर्ने गरि पर्वत जिल्ला नवार सुवेदि थर स्रोतकेन्द्र अन्तर्गतका चारवटा प्रा.वि, दुई वटा मा.वि र एक उच्च मा.वि गरी जम्मा सातवटा सामुदायिक विद्यालयहरु मध्येका चारवटा विद्याचलयका प्रा.वि.स्तरमा अध्ययनगर्ने सम्पुर्ण दलित विद्यार्थीको १० प्रतिशतले क्रमशः गणेश प्रा.वि बाट १० जना, खरिवोट गोविन्द नाथ देवशर्मा मा.वि बाट १० जना, नुवार सुवेदी थर मा.वि बाट ६ जना र पाङ्ग धैरेनी उच्च मा.वि बाट ६ जना गरी जम्मा ३२ जना दलित विद्यार्थी र त्यत्तिकै संख्यामा जनजाती विद्यार्थीगरी जम्मा ६४ जना विद्यार्थीहरुलाई सम्भावनायुक्त नमूना छनौट विधिद्वारा नमूना जनसङ्ख्याको रुपमा छनौट गरिएको छ । यसका साथै विद्यालयहरुका प्र.अ.हरु चारजना, शिक्षकहरु दुई जनाका दरले हुन

आउने आठजना, वि.व्य.स.का अध्यक्षहरु चार जना, शिक्षक अभिभावक संघका अध्यक्ष चार जना, छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुका अभिभावकहरु १० जना, स्रोतव्यक्ति र वि.नि. २ जना समेत गरी जम्मा ९६ जनालाई नमूना जनसङ्ख्यामा छनौट गरिएको छ । उहाँहरु मार्फत प्राप्त भएको सूचना एवं तथ्याङ्कको विश्लेषण गरी निष्कर्षमा पुग्ने काम भएको छ ।

## ३.३ अध्ययन साधनको छनौट र परीक्षण

यस अध्ययनमा निर्दिष्ट गरिएका उद्देशयहरु पूरा गर्नको लागि निम्न साधनहरुको निर्माण गरी उपयोगमा ल्याइएको छ ।

क) खुल्ला र बन्द प्रश्नावली

विद्यालयका प्र.अ.हरु, विद्यार्थीहरु र अभिभावकहरुका लागि खुल्ला एवं बन्द प्रश्नावली र विद्यार्थीका लागि मिश्रित (खुल्ला+बन्द) प्रश्नावीको निमार्ण गरी त्यसका माध्यमबाट दलित विद्यार्थीको शैक्षिक उपलब्धि अभिवृद्धिमा देखापरेका समस्या र समस्या समाधानका उपायहरु पत्ता लगाउने उद्देश्यले सूचना सङ्कलन गरिएको छ । जसलाई अनुसूची २-५ सम्म राखिएको छ ।

ख) स्थलगत सर्वेक्षण फाराम

विद्यार्थी, छात्रवृत्ति एवं परीक्षाको नतिजा सम्बन्धि तथ्यांक संकलन गर्नको लागि स्थलगत सर्वेक्षण फारामको निर्माण गरिएको छ । यस फारामद्वारा सङ्कलित सूचनाको विश्लेषण गरी शैक्षिक उपलब्धि वृद्धिमा छात्रवृत्तिको प्रभाव पत्ता लगाउने उद्देश्य उन्मुख गरिएको छ । जसलाई अनुसूची ६-११ सम्म देखाइएको छ ।

उपर्यक्त अध्ययन साधनहरु उपयोगी भए नभएको जाँच गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु तथा सोधनिर्देशकको सुझव लिइएको थियो । सोधनिर्देशकको निर्देशनमा आवश्यक परिमार्जन गरी अन्तिम रुप दिइएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

अध्ययन कार्यलाई पूर्ण गर्न आवश्यक तथ्यांकहरु संकलन गर्न प्राथमिक एवं द्वितीय स्रोतहरुलाई उपयोग गरिएको छ ।

क) प्राथमिक स्रोतहरु

यस अन्तर्गत प्र.अ.हरु, विद्यार्थीहरु, अभिभावकहरुको लागि प्रश्नावलीको र शिक्षकहरु वि.व्य.स.का अध्ययक्षहरु स्रोत व्यक्ति, वि.नि सँग असंरक्षित अन्तर्वार्ताद्वारा सङ्कलित सूचनाको विशलेषण गरी दलित विद्यार्थीको शैक्षिक उपलब्धिका चुनौतिहरुको पहिचान गर्नुको साथै उनीहरुको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु पत्ता लगाउने कार्य भएको छ ।

ख) द्वितीय स्रोत

यस अन्तर्गत विद्यालयहरुद्वारा प्रकाशित पत्रिकाहरु, विद्यालयमा रहेका विद्यार्थी विवरण सम्बन्धि अभिलेखहरु, एस.आई.पीमा उल्लेख भएका सूचनाहरु संकलन गरिएको छ । जसको माध्यमबाट दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभावका लेखाजोखा गर्ने उद्देश्य पूर्ति गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

कुनै पनि विषय वा समस्यामा रहेर गरिने अध्ययन अनुसन्धानबाट निष्कर्षमा पुग्नको लागि तथ्यांकका स्रोतहरु आवश्यक पर्दछन् । तथ्यांकको अभावमा अनुसन्धान कार्यलाई पूरा गर्न सकिँदैन । प्रस्तुत विषयलाई पूर्णता दिनको लागि परिमाणात्मक र गुणात्मक दुवै पक्षको प्रयोग गरी तथ्यांक संकलन गरिएको छ ।

तथ्यांक संकलनको क्रममा विद्यालयहरुमा गई विद्यार्थी संख्या विवरण, कक्षा छाड्ने र दोहोऱ्याउनेको विवरण, परीक्षामा सम्मिलित हुने, उत्तीर्ण र अनुत्तीर्ण हुनेको विवरणका साथै

कक्षा ५ को हरेक वर्ष लिइने सिकाई उपलब्धि परीक्षण परीक्षाको तीन वर्षको नजिता विवरणलाई मध्यनजर राखी सूचना संकलन गरिएको छ ।

अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुमा अध्ययनकर्ता आफै गएर प्रश्नावलीको उत्तर भराउने, अवलोकन गर्ने, असंरचित अन्तर्वार्ता समेत लिएर सूचना संकलन गरिएको छ । यसका अतिरिक्त सूचना संकलनको द्वितीय स्रोतका रुपमा विद्यालयमा राखिएका विद्यार्थी सम्बन्धि विभिन्न अभिलेखहरु, पत्रपत्रिका, एस.आई.पी., फ्ल्याश् रिपोर्टहरु समेत उपयोग गरी सूचना संकलन गर्ने कार्य सम्पन्न गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण

तथ्याङ्क सङ्कलनको लागि निर्माण गरिएका साधनको माध्यमबाट सङ्कलित सूचनालाई आवश्यक प्रशोधन, संशोधन पश्चात् तालिकीकरण गरी विद्यार्थी भर्ना दर, कक्षा छाड्ने र दोहोऱ्याउने दर उत्तिर्ण दर, प्रा.वि तह पार गर्ने दर र सिकाई उपलब्धि परिक्षण परीक्षामा विद्यार्थीले प्राप्त गरेको श्रेणि जस्ता सूचकमार्फत छात्रवृत्तिको प्रभावको लेखाजोखा गरिएको छ । उक्त क्षेत्रमा देखा परेका समस्या एवम समाधानका उपयाहरुको पहिचान गर्न प्रश्नावली र असंरचित अन्तरर्वाता द्धारा प्राप्त उत्तरको आधारमा वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार :

# तथ्यांकको व्याख्या र विश्लेषण

विभिन्न स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरु मध्ये कतिपय अस्पष्ट, अव्यवहारिक र अनावश्यक पनि हुन सक्छन् जसलाई प्रशोधन तथा परिमार्जन गरी स्पष्ट, अर्थपूर्ण र व्यवहारिक बनाउनुपर्छ । जुन उद्देश्य प्राप्तिको लागि सूचना संकलन गरिएको हो त्यो अनुरुपको सूचना प्राप्त भयो वा भएन, प्राप्त सूचनाको विश्लेषणबाट प्राप्त नतिजा सहि आउन सक्यो वा सकेन भन्ने कुराको विशेष ख्याल गर्नुपर्ने हुनाले  तथ्यांकलाई गुणात्मक पक्षबाट विश्लेषण गरी उद्देश्योन्मुख बनाउने अभिप्रायले अध्ययनका साधनबाट सङ्कलन गरिएका तथ्याङ्कलाई उद्देश्य बमोजीम क्रमश निम्न शिर्षकहरुमा रहेर व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ४.१ दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

यस अध्ययनमा छात्रवृत्तिको प्रभाव मापन गर्ने सूचकको रुपमा विद्यार्थी भर्नादर, कक्षा छाड्ने र दोहोऱ्याउने दर, उर्तीण दर, प्रा.वि.तह पार गर्ने लाई आधार बनाएर शैक्षिक उपलब्धिको विश्लेषण गरिएको छ ।

### ४.१.१ छात्रवृत्तिले भर्ना दरमा पारेको प्रभाव

यस सम्बन्धि तालिका अनुसूची-१२ को तालिका २ मा दिइएको छ । उक्त  तालिकाको विवरण अनुसार २०६४ सालमा दलित विद्यार्थीको भर्नादर ८९.१३ प्रतिशत रहेको छ भने जनजाति विद्यार्थीको भर्ना प्रतिशत ९३.१९ प्रतिशत रहेको छ । विद्यालय बाहिर रहेको संख्या दलितको १०.८७ प्रतिशत र जनजातिको ६.८१ प्रतिशत छ । दलित विद्यार्थीहरुको तुलनामा जनजाति विद्यार्थीहरुको भर्ना दर बढी र विद्यालय बाहिर रहेको संख्या पनि कम देखिन्छ ।

२०६५ मा दलित विद्यार्थीको भर्नादर ९३.४६ प्रतिशत छ भने जनजाति विद्यार्थीहरुको विद्यालय भर्नादर ९६.६४ प्रतिशत रहेको छ । त्यस्तै २०६६ सालमा दलित विद्यार्थीको विद्यालय भर्नादर ९५.४७ प्रतिशत, विद्यालय बाहिर रहेको दर घटेर ४.५३ प्रतिशत भएको छ भने जनजातिको

भर्नादर ९६.३६ रहेको देखिन्छ । यसबाट के भन्न सकिन्छ भने २०६४ देखि २०६६ सम्म दलित विद्यार्थीको भर्नादर क्रमिक रुपमा बढेको देखिन्छ । दलित विद्यार्थीको तुलनामा जनजाति विद्यार्थीको भर्नादर वृद्धिको दर कमी रहेको पाइन्छ । दलितको भर्ना वृद्धिदर २.६७ प्रतिशत रहेको छ भने जनजातिको १.३५ प्रतिशतले भर्नादर वृद्धि भएको छ ।

### ४.१.२. कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तीर्ण दर

अनुसूची -१२ तालिका ३ अनुसार २०६४ सालको दलित र जनजाति विद्यार्थीको उत्तीर्ण दर क्रमशः ९८.८७ प्रतिशत र ९९.२७ प्रतिशत रहेको छ । त्यस्तैगरी कक्षा छाड्ने दर पनि दलितको र जनजातिको क्रमशः ५.४६ प्रतिशत र २.७५ प्रतिशत रहेको छ । कक्षा दोहोऱ्याउने दर दलितको ३.४१ र जनजातिको २.०६ प्रतिशत रहेको छ ।

२०६५ सालमा दलित विद्यार्थीको कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तीर्ण दर क्रमशः ४.६९ प्रतिशत, ३.६९ प्रतिशत र १०० प्रतिशत रहेको छ । त्यस्तै जनजातिका विद्यार्थीहरुको कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तीर्ण हुने दर  पनि क्रमशः ४.४७ प्रतिशत, ० प्रतिशत र १०० प्रतिशत रहेको छ ।

२०६६ सालमा दलितको कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तीर्ण हुने दर क्रमशः ३.३८ प्रतिशत, १.५३ प्रतिशत र ९८.०५ प्रतिशत रहेको छ । जनजातितर्फ कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तीर्ण हुने दर क्रमशः ३.७५ प्रतिशत, ०.७५ प्रतिशत र ९९.२१ प्रतिशत  रहेको देखिन्छ ।

प्रा.वि. तहमा उदार कक्षोन्नति गर्ने सरकारी नीति अनुरुप ४ मध्ये ३ वटा विद्यालयमा परीक्षामा सम्मिलित विद्यार्थी सबैलाई उत्तीर्ण बनाएको पाइयो तर गणेश प्रा.वि.मा भने सरकारी नीतिको अवज्ञा गर्दै केहि विद्यार्थीलाई अनुत्तीर्ण पनि गरेको पाइयो ।

२०६४ देखि २०६६ सम्मको वार्षिक कक्षा छाड्ने दर दलितको ४.४७ प्रतिशत जनजातिको ३.६४ प्रतिशत, दोहोऱ्याउने दर दलितको २.८३ प्रतिशत, जनजातिको ०.९७ प्रतिशत र उत्तीर्ण दर दलितको ९८.९३ प्रतिशत, जनजातिको ९९.४९ प्रतिशत रहेको छ । कक्षा छाड्ने दर, दोहोऱ्याउने दर क्रमिक रुपमा घट्दै गएपनि छात्रवृत्ति पाएका दलित विद्यार्थीको तुलनामा छात्रवृत्ति नपाएका जनजातिका विद्यार्थीहरुको कक्षा छाड्ने र दोहोऱ्याउने दर कम रहेको

पाइयो । विद्यार्थीको उत्तीर्ण दरतर्फ पनि दलितको तुलनामा जनजातिको बढी रहेको पाइयो । उपर्युक्त तालिकामा उल्लेखित तथ्यांक अनुसार दलित विद्यार्थीमा जनजाति विद्यार्थीको र अन्य विद्यार्थीको तुलनामा शैक्षिक क्षती बढी देखिन्छ । राज्य एवं गैरराज्यद्वारा दलित विद्यार्थीको शैक्षिक विकास गर्न भनी जुन अनुपातमा लगानी बढाइएको छ त्यो अनुपातमा शैक्षिक उपलब्धि वृद्धि भएको पाइएन । छात्रवृत्ति कार्यक्रमले दलित विद्यार्थीको शैक्षिक उन्नतिमा सकारात्मक भूमिका खेल्न नसक्नुका कारणहरु खोज्नेक्रममा प्र.अ.हरुलाई भराइएको प्रश्नावलीको उत्तरको आधारमा निम्नानुसारका बुँदाहरु सूचीकृत गरिएको छ ।

क) छात्रवृत्तिको रकमको मात्रा अत्यन्त न्यून हुनु ।

ख) छात्रवृत्तिको दुरुपयोग हुनु ।

ग) छात्रवृत्ति प्राप्त कर्तालाई यसको महत्व बोध गराउन नसक्नु ।

घ) छात्रवृत्ति प्राप्तीलाई अवसर भन्दा पनि अधिकारको रुपमा बुझ्नु ।

ङ) वर्गीय विभेद नगरी सबै दलितलाई छात्रवृत्ति दिनु ।

च) छात्रवृत्ति वितरण पछि अनुगमनको व्यवस्था नहुनु ।

छ) छात्रवृत्तिको प्रभाव बारे कुनै मूल्यांकन नगरिनु ।

### ४.१.३. प्रा.वि. तह पार गर्ने दर

यस सम्बन्धि विवरण अनुसूची १२ को तालिका ४ मा दिइएको छ । जसअनुसार २०६२ सालमा कक्षा एकमा भर्ना भएका विद्यार्थीहरुमा पछि अन्य कक्षामा थपिएका विद्यार्थी जोडेर जम्मा विद्यार्थी मान्दा ५ वर्षको अवधिमा प्रा.वि. तह पार गर्ने दर दलित जनजाति अन्य र जम्माको क्रमशः ६८.३३ प्रतिशत, ८२.३५ प्रतिशत, ८३.७५ प्रतिशत र ७८.७५ प्रतिशत रहेको पाइयो । बीचमा थपिएका विद्यार्थीलाई नजोडी शुरुकै भर्नाबाट मात्रै प्रा.वि. तह (१-५) ५ वर्षमा पार गर्ने दलित, जनजाति र अन्यको क्रमश ५० प्रतिशत, ७६ प्रतिशत र ७२.३४ प्रतिशत रहेको पाइयो ।

यसरी प्रा.वि. तह पनि पार नगरी ५० प्रतिशत दलित विद्यार्थीहरु विद्यालयबाट बाहिरिएको देखिन्छ । प्रा.वि. तह पार गर्ने दर पनि दलितको तुलनामा जनजाति विद्यार्थीको राम्रो रहेको देखिन्छ । यति धेरै संख्यामा किन विद्यार्थीले विद्यालय छोड्दछन् भन्ने बारे गरिएको शोध

खोजमा ६० प्रतिशत अभिभावकहरुले सरकारी विद्यालयहरुमा पठनपाठनको स्तर खस्किएकोले विद्यालयप्रतिको असन्तुष्टिका कारण विद्यालय छोडी बोर्डिङ स्कूल वा शहरतिरका राम्रो पढाई हुने सरकारी विद्यालयमा आफ्ना बच्चाबच्ची पठाएको जानकारी दिनुभयो । यसबाट के भन्न सकिन्छ भने विद्यालय बाहिर रहेका बच्चाबच्चीलाई विद्यालयमा ल्याउन र विद्यालय आएकाहरुलाई विद्यालयमा टिकाई राख्नको लागि विद्यालयहरुको पठनपाठनको स्तरलाई सुधार्नुपर्ने देखिन्छ । वार्षिक दुईचार सय छात्रवृत्ति दिएर मात्रै सबैको लागि शिक्षाको नारालाई साकार पार्न नसकिने देखिन्छ । कतिपय ग्रामीण क्षेत्रका सरकारी विद्यालयहरु विद्यार्थी विहीन अवस्थामा पुगेका छन् । खारेजीमा पर्न थालेका छन् । सरकारी विद्यालय र त्यहाँ पढाउने शिक्षकहरुले शैक्षिक गुणस्तर उकास्न निकै कसरत गर्नुपर्ने बेला आएको देखिन्छ ।

## ४.२. दलित र जनजाती विद्यार्थीहरुको सिकाई उपलब्धिको तुलना

### ४.२.१. सिकाई उपलब्धिस्तरको श्रेणिकरण

प्रा.वि. तह (१-५) को पाठ्यक्रमले लिएको उद्देश्य अनुरुपको सिकाई उपलब्धि प्राप्त भए नभएको थाहा पाउन हरेक वर्ष कक्षा ५ र कक्षा ३ को पढाई सकेका विद्यार्थीलाई परीक्षार्थीको रुपमा सहभागी बनाएर सिकाई उपलब्धि परीक्षण परीक्षा लिइने गरिएको छ । प्रा.वि. तहको अंग्रेजी, गणित र नेपाली प्रत्येकबाट ३० प्रतिशतका दरले ९० प्रतिशत र अन्य विषयबाट १० प्रतिशत पर्ने गरी १०० पूर्णाङ्कको प्रश्नपत्र निर्माण गरी लिइने सिकाई उपलब्धि परीक्षण परीक्षाको नतिजालाई विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा श्रेणीकरण गर्ने गरिएको छ । जसमा ८० प्रतिशत भन्दा बढी प्राप्ताङ्कलाई 'क' श्रेणी, ६०-८० प्रतिशतसम्मको 'ख' श्रेणी, ४०-६० प्रतिशतसम्मको 'ग' श्रेणी र ४० प्रतिशत भन्दा तलकोलाई 'घ' श्रेणी मानिएको छ । 'घ' श्रेणीमा परेका विद्यार्थी सिकाई उपलब्धिका हिसावले साह्रै न्यूनस्तरका मानिएका छन् । उनीहरुको स्तर माथि उठाउन उपचारात्मक विधिद्वारा अध्यापन गराइनुपर्ने देखिन्छ । 'घ' श्रेणीका विद्यार्थीको पढाईको स्तर उकास्न नसके त्यो श्रेणीमा भएको लगानी शैक्षिक क्षतिमा परिणत हुने कुरा स्वतः स्पष्ट छ । उक्त श्रेणीमा परेका विद्यार्थीले उक्त तहको आधारभूत कुराहरु समेत नसिकेको देखिन्छ । सिकाई उपलब्धि स्तरको श्रेणिकरणलाई तालिका ५ द्वारा देखाइएको छ ।

तालिका ५ सिकाई उपलब्धि स्तरको श्रेणिकरण

| विद्यालय | क श्रेणी | | | | ख श्रेणी | | | | ग श्रेणी | | | | घ श्रेणी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | द. | ज. | अ. | जम्मा | द. | ज. | अ. | जम्मा | द. | ज. | अ. | जम्मा | द. | ज. | अ. | जम्मा |
| खरिबोट गो.दे.मा.वि. | | ज्ञ | ज्ञ | द्द | द्द | घ | ज्ञज्ञ | ज्ञट | ज्ञघ | ढ | घज्ञ | छघ | द्धछ | ठ | द्दघ | ठछ |
| गणेश प्रा.वि. | | | | | घ | द्द | घ | ड | ज्ञट | ज्ञण | ट | घद्द | द्दण | छ | | द्दछ |
| नुवार सुवेदीथर मा.वि. | | | द्द | द्द | | | ठ | ठ | ज्ञछ | ज्ञण | द्धण | टछ | ड | ढ | | ज्ञठ |
| पाङ्धैरेनी उ.मा.वि. | | ज्ञ | ज्ञ | द्द | ज्ञ | घ | घ | ठ | ड | द्दद्ध | छज्ञ | डघ | ज्ञण | घ | द्दज्ञ | घद्ध |
| जम्मा | | द्द | द्ध | ट | ट | ड | द्दद्ध | घड | छद्द | छघ | ज्ञद्द ड | द्दघघ | डघ | द्दद्ध | द्धद्ध | ज्ञछ ज्ञ |

स्रोत :- स्रोतकेन्द्र अभिलेख (२०६४-२०६६)

उपर्युक्त तालिका अनुसार २०६४-२०६६ सम्मको कक्षा ५ को सिकाई उपलब्धि परीक्षण परीक्षामा जम्मा ४२८ जना विद्यार्थी सहभागी भएका छन् । जसमध्ये १४१ वा ३३ प्रतिशत दलित विद्यार्थी, ८७ वा २० प्रतिशत जनजातिका विद्यार्थी, २०० वा ४७ प्रतिशत अन्य जातिका विद्यार्थीहरु सहभागी छन् । 'क' श्रेणीमा उत्तीर्ण हुने जम्मा ६ जना छन् त्यो श्रेणीमा दलितको संख्या शून्य छ । 'ख' श्रेणीमा उत्तीर्ण हुने जम्मा ३८ जना मध्ये दलित ६ जना र जनजाति ८ जना परेका छन् । सम्पूर्ण दलितको ४.८२ प्रतिशत र सम्पूर्ण जनजातिको ९.१९ प्रतिशत यो श्रेणीमा देखिन्छ । त्यस्तै 'ग' श्रेणीमा ५२ जना अर्थात् ३६.८७ प्रतिशत दलित र ५३ जना अर्थात् ६०.९२ प्रतिशत जनजाति परेका छन् । 'घ' श्रेणीमा पर्नेमा दलितहरु ८३ जना वा ५८.८६ प्रतिशत र जनजातिहरु २४ वा २७.५८ प्रतिशत रहेका छन् । 'घ' श्रेणीमा पर्ने विद्यार्थीहरु निकै कमजोर अर्थात् न्यूनस्तरको सिकाई उपलब्धि हासिल गर्नेमा पर्दछन् । सम्पूर्ण दलित विद्यार्थीको आधा भन्दा बढी दलित विद्यार्थीहरु सिकाई उपलब्धिको स्तर अनुसार साह्रै न्यून स्तरमा परेको पाइयो ।

क) छात्रवृत्ति मार्फत गरिएको लगानी र सिकाई उपलब्धिको सम्बन्ध

कक्षा ५ को २०६४ देखि २०६६ सम्मको सिकाई उपलब्धि परीक्षण परीक्षामा सहभागी भएका विद्यार्थीहरु मध्ये छात्रवृत्ति प्राप्त गर्ने र नगर्नेहरुको विवरण यहाँ तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ । शिक्षामा छात्रवृत्ति मार्फत गरिएको लगानीको दाजोमा सिकाई उपलब्धि दलित र जनजाती विद्यार्थीहरु मध्ये को बाट बढि भयो भन्ने कुरा तालिका ६ र ७ द्वारा प्रष्ट पार्न खोजीएको छ ।

तालिका ६ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी विवरण

| विद्यार्थी ववरण | जम्मा विद्यार्थी | जम्मा छात्रवृत्ति प्राप्त गर्ने | जम्मा छात्रवृत्ति प्राप्त गर्न प्रतिशत |
|---|---|---|---|
| दलित | ज्ञद्धज्ञ | ज्ञद्धज्ञ | छढ |
| जनजाति | डठ | द्द्ढ | ज्ञद्द |
| अन्य | द्दण्ण | टड | द्दढ |
| जम्मा | द्धद्दड | द्दघड | ज्ञण्ण |

स्रोत : विद्यालय अभिलेख (२०६४-२०६५)

दलित विद्यार्थीको शतप्रतिशत र सम्पूर्ण विद्यार्थीको ३३ प्रतिशत दलितहरुले छात्रवृत्ति पाएका छन् । छात्रवृत्ति पाउनेहरु मध्येका सबै विद्यार्थीको ५९ प्रतिशत छात्रवृत्तिको लगानी दलित विद्यार्थीहरुमा मात्रै भएको देखिन्छ । सिकाई उपलब्धिस्तरको आधारमा हेर्दा पनि लगभग ५९ प्रतिशत दलितहरुको स्तर अत्यन्त न्यून देखिन्छ ।

तालिका ७ सिकाई उपलब्धि सम्बन्धि विवरण

| विवरण | क र ख श्रेणीमा पर्ने विद्यार्थी | | ग श्रेणीमा पर्ने विद्यार्थी | | घ श्रेणीमा पर्ने विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| दलित | ट | ज्ञद्ध | छद्द | द्द | डघ | छछ |
| जनजाति | ज्ञण | द्घ | छघ | द्घ | द्द्ध | ज्ञट |
| अन्य | द्ड | टघ | ज्ञद्ड | छछ | द्धद्ध | द्ढ |
| जम्मा | द्धद्ध | ज्ञण्ण | द्घघ | ज्ञण्ण | ज्ञछज्ञ | ज्ञण्ण |

स्रोत :- स्रोतकेन्द्र अभिलेख (२०६४-२०६६)

उपर्युक्त तालिका ६ र ७ अनुसार मार्फत के स्पष्ट हुन्छ भने छात्रवृत्ति प्राप्त गर्ने संख्याको आधारमा सबभन्दा ठूलो अंश ५९ प्रतिशत ओगट्न सफल दलित विद्यार्थीहरु क र ख श्रेणीमा जम्मा १४ प्रतिशत, ग श्रेणीमा जम्मा २२ प्रतिशत र घ श्रेणीमा वा तल्लोस्तरका विद्यार्थीहरुमा ५५ प्रतिशत ओगटेका छन् । दलित विद्यार्थीको तुलनामा जनजातिका विद्यार्थीहरुको सिकाई उपलब्धिको स्तर राम्रो देखिन्छ । छात्रवृत्तिले विद्यार्थीको संख्यात्मक वृद्धिमा सकारात्मक प्रभाव पारेको भएपनि गुणात्मक पक्षमा यसको प्रभाव राम्रो देखिँदैन । वर्गीय विभेदीकरण नगरी सबै दलितलाई यो छात्रवृत्ति दिइने हुँदा यसको महत्व घटेको छ ।

यो दलित छात्रवृत्तिको संख्या घटाएर मात्रा बढाउन पनि सकारात्मक विभेदीकरण गर्नुपर्ने देखिन्छ । छात्रवृत्ति प्राप्त गर्नु भनेको आफ्नो शैक्षिक पहुँच अभिवृद्धि गर्न दिइएको एउटा अवसर हो, अधिकार होइन भन्ने कुरा दलितहरुले बुझ्नैपर्छ । बच्चाले प्राप्त गरेको छात्रवृत्ति उसैको पढाईमा खर्च गर्नुपर्नेमा अभिभावकले अन्य क्षेत्रमा खर्च गरिदिनुका कारणले छात्रवृत्ति पाएको भोलिपल्ट बच्चा कापी कलम विना विद्यालयमा आउने गरेको गुनासो विद्यालयका शिक्षकहरुले गर्ने गरेको पाइयो ।

दलित छात्रवृत्तिको सदुपयोग/दुरुपयोग सम्बन्धमा सोधिएको प्रश्नको उत्तरमा एउटा विद्यालयका प्र.अ.को विचार यहाँ जस्ताको तस्तै उल्लेख गरिएको छ ।

*दलित विद्यार्थीलाई टाउका गनेर छात्रवृत्ति दिने सरकारी नीतिले गर्दा सो छात्रवृत्तिको महत्व घटेको छ । गरीव र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्छ । साँच्चिकै*

*गरीवलाई पढाई खर्च पुग्ने गरी मात्रा बढाएर छात्रवृत्ति दिनुपर्छ । दिइएको छात्रवृत्तिको सदुपयोग भए नएको अनुगमन पनि गरिनुपर्छ । बच्चाले छात्रवृत्ति पाएको भोलिपल्ट अभिभावले खसी काटि खाएको र बच्चा विना कापी कलम विद्यालयमा आएको मैले देखेको छु । अझ मेरो विद्यालयमा त छात्रवृत्ति वितरण गरेको भोलिपल्टदेखि धेरै दलित विद्यार्थीहरु विद्यालयमै आउँदैनन् । त्यसैले मलाई के लाग्छ भने जातीय आधारमा छात्रवृत्ति दिनु भन्दा वर्गीय र शैक्षिक जागरुकताको आधारमा छात्रवृत्ति दिइनुपर्छ । छात्रवृत्तिको मात्रा नाम मात्रको छ त्यो बढाइनुपर्छ । बच्चाबच्चीका साथै अभिभावकलाई त्यसको उपयोगबारे राम्रो जानकारी दिइनुपर्छ ।*

त्यस्तै छात्रवृत्ति दिंदा दलित विद्यार्थीलाई बढी प्राथमिकता दिइन्छ नि, के यो ठीक हो ? भन्ने प्रश्नको उत्तरमा शतप्रतिशत जनजाति र ६० प्रतिशत दलित विद्यार्थीले दलितलाई भनेर छुट्टै छात्रवृत्ति कोषको स्थापना गर्नु ठीक होइन भन्ने उत्तर दिएको पाइयो । एकजना जनजाती विद्यार्थीको उत्तर यहाँ जस्ताको तस्तै उल्लेख गरिएको छ ।

*आफ्नै क्षमताको पहिचान गर्न नसक्ने र आफ्नै व्यवाहरले पछि परेका  दलितहरुलाई दुईचार पैसा दिएर केही हुनेवाला छैन । बालुवामा पानी हाले सरह  हुन्छ । न्यून चेतनास्तरका कारण शिक्षाको महत्व नबुझेर अन्य क्षेत्रजस्तो खानपिनमा जति पनि खर्च गर्नेले बच्चाबच्चीको शिक्षामा थोरै पनि खर्च गर्न चाहँदैनन् । छात्रवृत्ति पाएको पैसा समेत अन्य क्षेत्रमा खर्च गर्दछन् । त्यसैले दलितहरुमा चेतना बढाएर शिक्षातर्फ आकर्षित गर्नुपर्छ । विद्यालयमा दलित, गैरदलित भनेर छुट्याउनु राम्रो होइन, गरीव, जेहेन्दारलाई जुनसुकै जातिको भएपनि राज्यले अवसर दिनुपर्छ । धनि दलितलाई दिने छात्रवृत्ति कटौति गरी गरीब जनजातीलाई दिदा राम्रो हुने थियो ।*

छात्रवृत्ति प्राप्त गर्ने दलित विद्यार्थीका अभिभावकलाई सोधिएको प्रश्नावलीमा तपाईको बच्चाले दलित छात्रवृत्ति प्राप्त गर्दा कस्तो अनुभूति भयो ? भन्ने प्रश्नको उत्तरमा ४० प्रतिशतले खुसी लाग्यो भन्नुभएको छ भने ६० प्रतिशतले छात्रवृत्ति पाउँदा त खुसी लाग्यो तर दलित छात्रवृत्ति भन्दा भने दुःख लागेको छ भन्नुभयो ।

सबै दलित विद्यार्थीले छात्रवृत्ति पाउँछन् तर सिकाई उपलब्धि स्तर त दलितको न्यून देखिन्छ यसको कारण के होला ? भन्ने प्रश्नको उत्तरमा ३० प्रतिशतले छात्रवृत्तिको रकम थोरै भएर भन्ने उत्तर दिए भने ३० प्रतिशतले घरको वातावरण राम्रो नभएर भन्ने उत्तर दिए तर बाँकी ४० प्रतिशतले भने दलित वर्गका अभिभावकको चेतनाको स्तर कम भएर भन्ने जवाफ दिए ।

मुख्य गरेर दलित विद्यार्थीको सिकाईको स्तर न्यून हुनुको मुख्य कारणमा घरको वातावरण र अभिभावकको चेतनाको स्तर न्यनून रहनु नै हो भन्ने कुरामा सवै सहमत भएको पाइयो ।

राज्य एवं गैरराज्यका तर्फबाट दलित विद्यार्थीहरुलाई अरु विद्यार्थी सरह शिक्षाको मूल धारमा समावेश गर्ने उद्देश्यले विभिन्न खाले आर्थिक/प्राविधिक सहयोग स्वरुप थुप्रै अवसरहरु दिंदा पनि अपेक्षाकृत रुपमा शैक्षिक उपलब्धिस्तर बृद्धि नभएको पाइएको छ । बच्चाबच्चीको सिकाई उपलब्धिको स्तरमा प्रभाव पार्ने तत्वहरुको रुपमा देशको शिक्षा नीति, पाठ्यक्रम, विद्यालयको वातावरण, शिक्षण विधि, शिक्षकको दक्षता, घरको वातावरण, घरको आर्थिक, सामाजिक अवस्था, देशको राजनीतिक अवस्था, अभिभावकको चेतनास्तर जस्ता थुप्रै कारणहरु प्रश्नावली भर्ने उत्तरदाताको आधारमा समावेश भएका छन् । धेरै कुराले प्रभाव पारेको सिकाई उपलब्धिलाई एउटा पक्षमा सामान्य राहात दिंदैमा ठूलै परिवर्तनको अपेक्षा गर्नु त्यति बढी सान्दर्भिक नहुन पनि सक्छ तर केही लगानी गरिसकेपछि त्यसको थोरै नै भएपनि उत्पादनको अपेक्षा गरिनु स्वभाविक हुन्छ ।

बच्चाबच्चीको शिक्षामा प्रभाव पार्ने अत्यन्त महत्वपूर्ण तत्व बच्चाबच्चीको आमाहरुको शिक्षा रहने गरेको पाइएको छ । सम्पूर्ण दलित विद्यार्थीहरुमा जम्मा २५ प्रतिशत आमाहरु साक्षर पाइएका छन् । जनजाति विद्यार्थीका ५० प्रतिशत आमाहरु साक्षर पाइए । कक्षामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने ५ जना दलित बच्चाहरुका आमाहरु मध्ये ३ जना एस.एल.सी. पास गरी शिक्षण पेशामा संलग्न रहेको र २ जना कक्षा ८ पास गरेको पाइयो । दलित बच्चाबच्ची मध्ये ७५ प्रतिशतका आमाहरु निरक्षर रहेको, दैनिक ज्यालामजदुरीमा हिंड्ने, बेलुका अबेर घरमा आउने, घरमा बच्चाबच्ची मात्रै वस्ने, आफै खाना पकाएर खाएर विद्यालयमा जाने, विद्यालय बाहेक घरमा बच्चाले नपढ्ने गरेको पाइयो ।

यसरी विभिन्न प्रमाणको आधारमा के पुष्टि भएको छ भने पिछडिएको वर्ग एवं दलितहरुलाई शिक्षाको मूल धारमा समावेश गर्नको लागि उनीहरुमा शैक्षिक जागरण अभिवृद्धि गर्नुपर्छ । सामाजिक असमानता, पक्षपात, वर्गीय शोषण, जातीय उत्पीडनबाट मुक्त नहुँदासम्म उनीहरु अरु सरह विकासको एवं शिक्षाको मूल धारमा समावेश हुन सक्दैनन् । अभिभावकको शिक्षा, शिक्षाप्रतिको सचेतना वृद्धि भएमा मात्रै बच्चाबच्चीको शिक्षा प्राप्तिको आधारको सुनिश्चितता हुन सक्ने देखिन्छ ।

### ४.२.२. विद्यार्थीहरुको कक्षागत स्थान

तालिका ८ कक्षागत स्थान

| विद्यार्थी विवरण | जम्मा | प्रथम स्थान | द्वितीय स्थान | तृतीय स्थान | चौथोदेखि दशौं स्थान | दशौं भन्दा माथि |
|---|---|---|---|---|---|---|
| दलित | ३२ | २ | १ | २ | ११ | १६ |
| जनजाति | ३२ | १ | ३ | ३ | २३ | २ |

स्रोत विद्यालय अभिलेख (२०६६)

उपर्युक्त तालिका अनुसार कक्षा ४ र ५ मा अध्ययनरत विद्यार्थीहरुले अघिल्लो वार्षिक परीक्षामा प्राप्त गरेको स्थान अनुसार प्रथम हुनेमा दलित २ जना र जनजाति १ जना रहेका छन् । द्वितीय, तृतीय र चौथो स्थानमा दलित विद्यार्थी भन्दा जनजाति विद्यार्थी अगाडि छन् । चौथोदेखि दशौं स्थानसम्म प्राप्त गरेका विद्यार्थी मध्यमस्तरमा पर्दछन् । मध्यम स्तरमा पर्नेमा दलितको तुलनामा जनजाति नै अगाडि देखिन्छन् । दशौं स्थानभन्दा पछि परेका विद्यार्थीहरु कमजोर विद्यार्थीमा परेका छन् । कमजोर विद्यार्थीहरुमा कुल दलित विद्यार्थीको ५० प्रतिशत रहेको देखिन्छ ।

जुनसुकै कोणबाट हेर्दा पनि जनजातिका विद्यार्थीको तुलनामा दलितका विद्यार्थीको सिकाई उपलब्धिस्तर तल देखिन्छ । ५० प्रतिशत भन्दा बढी दलित विद्यार्थीहरुले प्रा.वि. स्तरमा सिक्नुपर्ने आधारभूत ज्ञान समेत सिकेको देखिदैन । प्रा.वि.स्तरको पढाई राम्रो नहुनुको कारण वा प्रा.वि. स्तरमा सिक्नुपर्ने कुराहरु नसिकेपछि माथिल्लो स्तरमा तल्लो स्तरमा सिक्नुपर्ने आधारभूत कुराहरु सिक्ने अवसर मिल्दैन । माथिल्लो कक्षामा गएर असफल हुने, सफलै भएपनि

रोजगारीको लागि दक्ष नहुने, हुनाले पढेका र नपढेकामा खासै अन्तर देखा पर्दैन । त्यसो भयो भने शिक्षालाई हेर्ने र बुझ्ने सकारात्मक सोचको विकास हुँदैन ।

यस अध्ययनको सैद्धान्तिक आधारको रुपमा लिइएको सामाजीक जागरण तथा सचेतिकरण सिद्धान्तमा पाउलो फ्रेरे (१९७०) ले समाजमा दबिएका मानिसहरुको स्तर पैसाले होइन न्यायले उकास्न सकिने विचार व्यक्त गर्नुभएको छ । नेपालमा पनि दबिएका वा दलितहरुलाई विभिन्न सामाजीक असमानता द्धारा कुल्चिएको छ । सबै किसिमका असमानता पक्षचपात भेदभाव ताथ छुवाछुत जस्तो कु प्रथाको अन्त्य नहुदासम्म उनिहरु विकासको मुल धारमा समेटिन नसकिने देखिन्छ । पाउलो फ्रेरे कै अर्को भनाई अनुसार पिछडिएकाहरुलाई निस्कृय प्रापकको रुपमा राखि अवसर दिन भन्दा सकृया सहभागिताको आधारमा प्राप्त हुने अवसरले बढि महतो राख्दछ । यस अध्ययनमा पनि के तथ्य पुष्टि भएको छ भने सबै दलितलाई अनिवार्य रुपमा छात्रवृत्ति दिनाले उक्त अवसरलाई अधिकारको रुपमा बुझि त्यसको दुरुपायोग भएको छ । गरिब दलितका जेहेन्दार सन्ततीले मात्रै त्यो छात्रवृत्ति पाउने भए त्यसको महतो अरु बढ्ने थियो ।

## ४.३ दलित विद्यार्थीको शैक्षिक उपलब्धिका चुनौतिहरु

शिक्षा विकासको मूलधारमा समावेश हुन नसकेका दलित विद्यार्थीहरुको शिक्षा प्राप्ति गर्ने अवसरको सुनिश्चितता गर्न राज्य एवम् गैरराज्यका तर्फबाट जुन रुपमा आर्थिक एवम् प्राविधिक लगानी बढाइएको छ । सो अनुरुपको उपलब्धि प्राप्त हुन नसकेको पाइएको छ । यस क्षेत्रमा विद्यमान चुनौतिहरु प्रश्नावलीहरुमा व्यक्त भएका उत्तरदाताको मतको आधारमा निम्न अनुसार उपशिर्षकमा व्याख्या गरिएको छ ।

क) अभिभावकको चेतनाको स्तर न्यून हुनु

प्र.अ.हरु, सत प्रतिशत र अभिभावक ७०% ले अभिभावकको न्यून चेतनास्तरले बच्चाको शैक्षिक उपलब्धिको स्तर न्यून भएको उल्लेख गर्नु भएको छ । जनजातिका विद्यार्थीको तुलनामा दलित विद्यार्थीको विद्यालय भर्नादर कमी, कक्षा छाड्नेदर बढी, सिकाई उपलब्धिको स्तर न्यून, बानी व्यहोरा नराम्रो पाइएको छ । यसो हुनको कारण उनीहरुका अभिभावकको अशिक्षा र अज्ञानता नै हो भन्ने ठहर गरिएको छ । दलित विद्यार्थीका अभिभावकहरुले गरेको प्रश्नावलीको उत्तरको विश्लेषण गर्दा ७०% ले आफ्ना बच्चाबच्चीलाई घरमा शैक्षिक वातावरण दिन नसकेको स्वीकारेका छन् । नमूनामा परेका मध्ये ५ जना विद्यार्थीले कक्षामा राम्रो स्थान प्राप्त गरेका छन् । त्यसको कारण खोज्दा उनीहरुका बाउ आमा दुवै साक्षर भएको उनीहरुमा चेतना स्तर उच्च रहेको पाइएको छ ।

ख) आर्थिक विपन्नता

२५% प्र.अ, ५०% अभिभावक र ३०% विद्यार्थीहरुले आर्थिक विपन्नताको कारणले शैक्षिक उपलब्धिको स्तर न्यून रहेको प्रतिक्रिया व्यक्त गर्नु भएको छ र तर अध्ययन क्षेत्रका ८०% भन्दा बढी दलितहरुको दैनिक कमाइ राम्रै भए पनि वचत गर्ने वानी नभएको पाइएको छ । मद्यपान र मांसजन्य खाद्यवस्तुमा बढी खर्च गर्ने, शिक्षामा खर्च गर्न नचाहने भेटिएको छ । ३०% दलित विद्यार्थीहरुले छात्रवृत्ति नपाएको भए आफुहरुले पढ्न छोड्नु पर्ने बताएका छन् । उनीहरुलाई सरकारी छात्रवृत्ति थोरै भएको कारणले गर्दा खासै राहत नमिले पनि अन्य गैर सरकारी छात्रवृत्तिले गर्दा पढाईमा निरन्तरता दिन सकिएको बताएका छन् । आर्थिक विपन्नताका कारण शिक्षामा लगानी गर्न नसक्ने हरुलाई छात्रवृत्तिको मात्रात्मक दायरा बढाएर दिनु पर्ने देखिन्छ । जो सम्पन्न छन् तिनीहरुलाई छात्रवृत्तिको आवश्यकता देखिदैन ।

ग) सामाजिक असमानता

सामाजिक असमानताले शिक्षा विकासको बाधक हो भन्ने तथ्य सत प्रतिशत प्र.अहरु ६०%, अभिभावकहरु, र ६२% विद्यार्थीहरुको प्रतिक्रियाद्धारा प्राप्त भएको छ । हाम्रो समाजमा विद्यमान सामाजिक असमानता, पक्षपात र भेदभाव पनि शिक्षा विकासको बाधक वनेको छ । अझै पनि नेपाली समाजमा छुवाछुत प्रथा, हलिया प्रथा विद्यमान छ । अझै पनि दलितहरुले आफुहरुलाई

उपल्लो जातको सेवकको रुपमा स्वीकार्छन ।उनीहरुमा दास मनोवृत्तिको अवशेष विद्यमान रहेको छ । अध्ययनको क्रममा एउटा गणेश प्रा.वि.भन्ने विद्यालयमा यस्तो पाइयोकी जहाँका अभिभावक र विद्यार्थीलाई छुवाछुत, पक्षपात र भेदभावको शिकार हुनु परेका छैन । दलितहरुको मात्रै बस्ती छ । दलित बस्तीकै बीचमा विद्यालय छ, विद्यालय र गाउँका अगुवाहरु दलित नै छन् । २५% गैर दलित विद्यार्थीहरु टाढाको गाउँबाट आउँछन । ७५ दलित विद्यार्थीहरु छन् । दलितहरु संगठित छन्, विभिन्न संघ संस्थाहरु सञ्चालन गरेका छन् । उक्त विद्यालयको विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर तुलना गर्दा अन्य जातका विद्यार्थीको भन्दा दलित विद्यार्थीको राम्रो पाइयो ।यसबाट पुष्टि हुन्छ की सामाजिक प्रचलनहरुले पनि शिक्षा विकासमा प्रभाव पार्छ ।

घ) शिक्षाप्रणालीमा रहेको दोष

शत प्रतिशत अभिभाव ७५ % प्र.अ.हरु र २५% विद्यार्थीहरुले शिक्षा प्रणलीमा दोष देखाउनु भएको छ । विद्यार्थीहरु अस्पष्ट शिक्षा नीति, अव्यवहारिक एवम् अवैज्ञानिक पाठ्यक्रम, सामुदायिक विद्यालयका प्रशासकहरुको विद्यालय सुधार प्रतिको उदासिनता, नयाँ शिक्षण विधि र प्रविधि अंगाल्न नसक्ने पुरानै शिक्षक केन्द्रित शिक्षण विधि प्यारो मान्ने नयाँ युगका पुराना शिक्षकहरुका कारणले गर्दा नेपालको. शिक्षा प्रणाली दोषमुक्त हुन सकेको छैन । पढे लेखेका र नपढेका मानिसको जीवन शैली खासै अन्तर छैन । जसले गर्दा शिक्षालाई हेर्न नकारात्मक दृष्टिकोणाको विकास भएको छ । पढेर के हुन्छ र ? जागिर पाइदैन, विदेश नगए परिवार पाल्न सकिदैन । त्यसैले मेरो बच्चाले बिचमै पाढाइ छाडेको भन्ने भनाइहरु दलित विद्यार्थीका अभिभावकको पाइएको छ ।

ङ) विद्यालयमा पढाई राम्रो नहुनु

शत प्रतिशत अभिभावक र विद्यार्थीहरु ५०%, प्र.अ.हरुले उक्त प्रतित्रिया व्यक्त गर्नु भएको छ । सरकारले प्रा.वि.कक्षाहरुमा उदारकक्षोन्नति गर्ने, विद्यार्थीलाई असफल नगराउने नीति लिएको छ । यसको साथमा सम्बन्धित तहको लागि आवशयक पर्ने सिकाइ उपलबिधस्तर मापनका सूचक पनि निर्धारण गरेको छ । सामुदायिक विद्यालयहरुमा कक्षागत र तहगत रुपमा विद्यार्थीले हाँसिल गर्नुपर्ने ज्ञानसीप अभिवृत्ति सम्बन्धि उपलब्धि नै हाँसिल नगराएर कक्षोन्नति गर्नाले

प्रा.वि. तह पार गरेका आधाभन्दा बढी विद्यार्थीहरुले नेपाली माध्यमका किताव पढ्न लेख्न सक्ने गरी अक्षर अङ्क समेत नचिनेको भेटिएको छ । विद्यालयमा आएका विद्यार्थीलाई ५ वर्षसम्म सामान्य साक्षर पनि बनाउन नसक्ने कतिपय  विद्यालयहरु स्वयं शिक्षा विकासका बाधक बनेका छन् ।

यसरी प्रश्नावलीको उत्तरद्धारा संकलित सुचनाको आधारमा दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी अभिवृद्धिमा देखा परेका सबै समस्याको मुल जग उनिहरुमा रहेको न्युन स्तरको चेतनालाई ठहर गरिएको छ । पाउलो फ्रेरेले भने झै उनीहरुमा रहेको मौन संस्कृती, असंगठित अवस्था का कारण समाजमा उनीहरु पिछडिएका हुन् । समाजिक विभेद विरुद्ध उनीहरुले आवाज उठाउनु पर्छ जुन उनीहरुको लागि प्रसव पिडा जस्तै कष्टकर हुन्छ । राजनैतिक, आर्थिक, सामाजीक हकअधिकार प्राप्तीको लागि उनिहरुलाईनै आन्दोलित पार्दै जाने क्रममा उनिहरुमा राजैनैतिक आर्थिक, सामाजीक एवम् शैक्षिक सचेतना पनि वृद्धि हुदै जान्छ । यो अवस्थालाई विवेकिकरण भनिन्छ यसरी विवेकिकरणको चरणमा पुगेपछि मात्रै उनिहरुले आफुहरुलाई दिइएको अवसरको सहि सदुपयोग गरी आफ्नो स्तर उकास्न सक्दछन् । नेपालका दलितहरुका सन्दर्भमापनि उनिहरुमा नागरीक हक अधिकार र कर्तव्य प्रतिको सचेतना वृद्धि नहुदा सम्म उनिहरुमा शैक्षिक जागरण ल्याउन सकिदैन ।

## ४.४ दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु

दलित विद्यार्थीहरुको शिक्षामा राज्य एवं गैरराज्यद्वारा गरिएको लगानीको अनुपातमा उपलब्धि कम भएको देखिन्छ । दलित विद्यार्थीलाई अरु जातजातिका विद्यार्थीहरुको सरह समान अवसर उपलब्ध गराउनका लागि निम्न उपायहरु अबलम्वन गर्नुपर्ने देखिन्छ । तपसिलका उल्लेखित उपायहरु प्रश्नावली मार्फत प्राप्त उत्तरको आधारमा उल्लेख गरिएको हो जुन अनुसूची १३ को तालिकामा उल्लेख गरिएको छ ।

क) चेतनास्तर अभिवृद्धि गर्ने

अत्यन्त न्यून स्तरको चेतनाका कारणले दलितहरुले आफूलाई समाजमा पछि पार्नको लागि अबलम्वन गरिएका उपायहरु बुझ्न सकेका छैनन् । दविएकाहरुलाई पैसाले होइन न्यायद्वारा उकास्न सकिन्छ भनेर पाउलोफ्रेरेले भनेका छन् । अध्ययन गरिएको क्षेत्रका दलितहरु आर्थिक रुपले भन्दा पनि चेतनास्तरका दृष्टिले नाजुक देखिन्छन् । अचल पूंजी बढी नभएर पनि दैनिक ज्याला मजदुरीबाट राम्रै आय आर्जन गरेको देखिन्छ । कमाएको कमाई बचाएर नराख्ने, शिक्षा, स्वास्थ्य, संचारमा भन्दा बढी खानपिनमा खर्च गर्ने, खानपिनमा पनि मादक पदार्थ र मांशजन्य वस्तु धेरै खाने गरेको पाइयो । बचत गर्ने, लगानी गर्ने भन्दा उपभोग बढी गर्ने वानीले गर्दा जतिसुकै कमाएपनि बचत गरेको भेटिएन । उनीहरुको आफ्नै व्यवहारले गर्दा उनीहरु पछि परेको देखिन्छ । यसको मुख्य कारण उनीहरुको न्यून स्तरको चेतना नै हो भन्ने ठहर गरिएको छ । अनुसुची १३ को तालिका अनुसार प्र.अ.हरु सत प्रतिशत, विद्यार्थीहरु ७५ प्रतिशत र अभिभावकहरु ७० प्रतिशतले दलितको चेतना स्तर अभिवृद्धि नगर्दा सम्म शैक्षिक उपलब्धी स्तर वृद्धि नहुने तथ्य व्यक्त गर्नु भएको छ ।

ख) आर्थिक समस्या समाधान गर्ने

३० प्रतिशत दलित विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त नगरेको भए पढ्न छाड्ने कुरा बताएका छन् । उनीहरुलाई सरकारी छात्रवृत्तिको मात्रा अति थोरै भएकोले खासै राहात नदिए पनि प्लान नेपाल भन्ने गैरसरकारी संस्थाद्वारा दिएको छात्रवृत्तिले केही सहयोग पुगेको बताएका छन् । अध्ययन गरिएका विद्यालयहरुमा कक्षा १-८ सम्म सबै निःशुल्क गरिएको छ । वर्षमा ३ पटक परीक्षा शुल्क उठाइन्छ । त्यो बाहेक विद्यालयमा कुनै शुल्क तिर्नु पर्दैन । कापी, कलम, झोला, पोशाकमा हुने खर्च पनि व्यहोर्न सक्ने आर्थिक हैशियत नभएका अभिभावकका बच्चाबच्चीलाई छात्रवृत्ति दिनुपर्ने देखिन्छ । वर्ग विभेद गरी थोरै व्यक्ति अर्थात् ३० प्रतिशत लाई मात्रै पढाई खर्च पुग्ने गरी छात्रवृत्ति दिएर उनीहरुको आर्थिक समस्या हल गरिदिनुपर्छ । छात्रवृत्ति नगद दिनुको सट्टा स्टेशनरी सामान दिनुपर्छ । विद्यालयमा एउटा छात्रवृत्ति व्यवस्थापन समिति बनाउने र त्यही समिति मार्फत विद्यार्थी छनौट, वितरण र अनुगमन गरिनुपर्छ । विद्यालयको पोशाक, कापी, कलम आवश्यता अनुसार दिने व्यवस्था गर्दा छात्रवृत्तिको सदुपयोग हुने देखिन्छ । सामुदायिक विद्यालयहरुमा पठनपाठनको स्तर खस्कन थालेको गुनासो धेरै अभिभावक र विद्यार्थीद्वारा पाइएको छ । अंग्रेजी माध्यमबाट पढाई गरिदिए अभिभावक खुसी हुने र शुल्क

समेत तिर्ने जस्ता रायहरु पाइएको छ । सामुदायिक विद्यालयहरुमा संस्थगत विद्यालयहरुमा भन्दा दक्ष जनशक्तिको बाहुल्यता हुँदाहुँदै पनि पढाइको स्तर खस्किँदै गएको जनगुनासो पाइयो । पढाईको स्तर उकास्ने, तिर्न सक्नेसँग शिक्षण शल्क असुल्ने र तिर्न नसक्नेलाई शुल्क मिनाहा एवं पूर्ण छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने तथ्य ५० % अभिभावक, ३० % विद्यार्थी र २५% प्र.अ. हरुले बताएको पाइयो ।

ग) रुढीवादी परम्पराको अन्त्य गर्ने

दलितहरुमा अन्य जातजातिको तुलनामा अन्धविश्वास र रुढीवादी परम्पराले बढी जरा गाडेको देखिन्छ । यस्तो रुढीवादीको अन्त्य गर्ने उपायको रुपमा जनचेतनाको वृद्धि र शिक्षाको विकास गर्नुपर्ने देखिन्छ । औपचारिक शिक्षा भन्दा अनौपचारिक शिक्षामा जोड दिनुपर्छ । उनीहरुको पेशासँग सम्बन्धित व्यवहारिक शिक्षा दिनुपर्छ ।कर्मथलोमै पढ्ने र प्रयोग गर्ने शिक्षा पद्दतिको विकास गर्नुपर्छ । शिक्षा र चेतनाको दियोले मात्रै अन्धविश्वास तथा रुढीवादी मूल्य मान्यताको जालोमा डढेलो लगाउन सक्छ । यो बुदाँ सँग शत पतिशत प्र.अहरु र अभिभावकहरु र ५० प्रतिशत विद्यार्थीहरु सहमत रहेको पाइयो ।

घ) गुणस्तरीय शिक्षाको विकास गर्ने

औपचारिक तथा अनौपचारिक दुवै पद्दतिद्वारा प्रदान गरिने शिक्षा गुणस्तरीय हुनुपर्छ । यसको लागि शिक्षालयहरुमा व्यापक सुधार गर्नुपर्छ । शिक्षालाई राजनीतिबाट टाढा राख्नुपर्छ । शिक्षा क्षेत्रमा संलग्न शिक्षाकर्मीहरु अन्य पेशामा संलग्न हुने र शिक्षाको विकासमा ध्यान नदिने परिपाटीको अन्त्य हुनुपर्छ । सामुदायिक विद्यालयमा अध्यापन गर्ने धेरै पुराना शिक्षकहरुलाई अनिवार्य अवकास दिएर नयाँ जनशक्तिले उक्त स्थान पूर्ति गर्नुपर्छ । विद्यालयको पठनपाठन, परीक्षा प्रणालीमा व्यापक सुधार गर्नुपर्छ । आधारभूत शिक्षा अनिवार्य तथा गुणस्तरीय हुनुपर्छ । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी जनशक्तिको विकास गर्न सक्नुपर्छ । पढेको र अनपढ मानिसको जीवनशैली र स्तर स्पष्ट रुपले अन्तर हुनुपर्छ । शैक्षिक बेरोजगारीको अन्त्य हुनुपर्छ । यसको लागि व्यवसायमुखी शिक्षाको विकास हुनुपर्छ । शिक्षण पेशामा संलग्न शिक्षक/शिक्षिकाहरुलाई निजामति कर्मचारी सरहको मान्यता र सुविधा दिएर उनीहरुलाई कर्तव्यनिष्ठ बनाउनुपर्छ ।

पेशाप्रति बफादार नहुनेहरुलाई कारवाहीको पनि व्यवस्था हुनुपर्छ । सामुदायिक विद्यालयको अनुगमन कार्यलाई चुस्त बनाउनुपर्छ । सामुदायिक विद्यालयहरुले जनताको विश्वास जित्नको लागि पठनपाठनमा व्यापक सुधार गर्नुपर्छ । यसको लागि शिक्षक/शिक्षिका एवं शिक्षाक्षेत्रमा संलग्न व्यक्तिहरुले कडा परिश्रम गर्नुपर्छ । गरीवहरुलाई शिक्षा आर्जनतर्फ आकर्षित गर्न गरीखान सिकाउने सिपमुलक व्यावहारिक शिक्षा प्रदान गरी उनीहरुको शिक्षालाई हेर्ने दृष्टिकोण बदल्नुपर्छ । यो उपाय शत प्रतिशत उत्तरदाताहरु द्धारा व्यक्त गरिएको छ ।

ङ) सामाजिक असमानताको अन्त्य गर्ने

नेपाली समाजमा जातीय, वर्गीय, क्षेत्रीय, लैंगीक, धार्मिक, विविधखाले असमानताहरु विद्यमान् छन् । जातीय विभेद, छुवाछुत, भेदभाव जस्ता प्रचलनहरुले गर्दा दलित विद्यार्थीहरुमा थुप्रै कुण्ठाहरु पाइयो । जातीय विभेदले गर्दा उनीहरुमा दास मनोवृत्तिको विकास भएको पाइयो । दलितहरुनै समाजका अगुवा भएको र दलितको मात्रै वस्ती भएको, विद्यालयमा पनि दलित विद्यार्थीहरुको बाहुल्यता भएको गणेश प्रा.वि.का विद्यार्थीहरुमा अन्यत्रको तुलनामा सिकाई उपलब्धिस्तर उच्च रहेको पाइयो । समाजमा विद्यमान अन्धविशवास, कुरितीहरु पनि शैक्षिक विकासका बाधक रहेको पाइएकोले यस्ताखाले विकृतिहरु, असमानता र भेदभावपूर्ण सामाजिक नीतिको अन्त्य हुनुपर्छ । यसका लागि दलितहरुमै यस विरुद्धको जागरण आउनु जरुरी छ । शत प्रतिशत प्र.अ.हरु ६०% अभिभावक र ६२ % विद्यार्थीले उक्त विचार उपाय व्यक्त गरेका छन् ।

च) घरायसी वातावरणमा सुधार गर्नुपर्ने

दलित वस्तीहरुमा विहान बेलुका बच्चाबच्चीले पढ्ने लेख्ने गरेको पाइएन । बाबुआमा सबेरै काममा जाने, बच्चाबच्चा धेरै हुने, घरमा ती बच्चाबच्ची मध्येको अलि ठूलाले खान पकाउने र भाइबहिनी हेर्ने, फुर्सद भए विद्यालय जाने, १२-१५ वर्षमा विवाह गर्ने, विवाह पश्चात् पढ्न छाड्ने, जाँडरक्सी सेवन गर्ने, गाउँगाउँमा डुल्ने, खानपिन र मनोरञ्जनमा बढी खर्च गर्ने, शिक्षामा लगानी नगर्ने जस्ता व्यवहारमा परिवर्तन गर्नुपर्छ । घरमा बच्चाबच्चीको पढ्ने वानीको विकास गर्नुपर्छ । दलितहरु आपसमा बढी झगडा गर्ने, एकले अर्काको विरोध गर्ने, गालीगलौच बढी गर्ने, अश्लिल शब्दको बढी प्रयोग गर्ने चलनको अन्त्य हुनुपर्छ । घरमा पनि शान्त शैक्षिक

वातावरण सिर्जना गरी बच्चाबच्चीलाई शिक्षा आर्जन गर्नेतर्फ उत्प्रेरित गर्नुपर्ने देखिन्छ । शत प्रतिशत उत्तर दाताहरुद्धार उक्त विचार उल्लेख गरेको पाइएको छ ।

दलित विद्यार्थीको शैक्षिक उपलब्धी अभिवृद्धिमा देखा परेको चुनौतिहरु कम गर्ने उपर्युक्त उपायहरु प्रश्नावलीको उत्तरमा उल्लेख भएको प्रतिक्रियाको आधारमा टिपोट गरिएको छ । उक्त चुनौतिहरु  एवम् चुनौति न्यूनीकरणका उपायहरुलाई अनुसुची १३ को तालिका मा दिइएको छ । लि राय र पाउल स्टोन (१९६०) का अनुसार समाजमा पिछडिएका मानिसहरु पिछडिनुको मुख्य कारण उनिहरुमा विद्यमान न्युन स्तरको चेतना हो । शैक्षिक चेतना एवम् जागरणको कमीले उनिहरु शिक्षामा पछि परेका हुन् । उनीहरुमा आर्थिक, सास्कृतिक शैक्षिक चेतना वृद्धि विना उनीहरु विकासको मुल धारमा ल्याउन सकिदैन । त्यसैले निम्न उपायहरुद्धारा शैक्षिक उत्पीडितहरुमा सचेतना अभिवृद्धि गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

क) प्रजातान्त्रिक सचेतना शिक्षा

प्रजातान्त्रिक अभ्यासबाट दविएकाहरुलाई सचेत पार्न सकिन्छ । प्रजातान्त्रिक मूल्य, मान्यता भित्र रहेर अर्काको हकअधिकारको सम्मान र आफ्नो हकअधिकारको प्रयोग गर्ने परिपाटीको विकास हुनुपर्छ । प्रजातन्त्रमा मात्रै सवैको विचार, भावनाको कदर हुन्छ । पूर्ण प्रजातन्त्र वहाली भएका देशहरुमा जातीय, लैंगीक असमानता र पक्षपातहरु रहँदैनन् ।

ख) राजनैतिक सचेतना शिक्षा

राजनैतिक दलहरुले गर्ने विभिन्न खालका आन्दोलनको माध्यमबाट पनि समाजमा पिछडिएका वर्गहरुलाई सचेत पारी अगाडि बढाउन सकिन्छ । नेपालको पश्चिमी पहाडी भागका दलित जाति एवं पिछडिएका जनजातिहरुलाई एकीकृत नेकपा माओवादीको दशवर्षे जनयुद्धले धेरै सचेत पार्ने काम गरेको पाइएको छ । त्यो क्षेत्रका मानिसहरुमा आफ्नो हकअधिकारबारे चेतना अभिवृद्धि भएको छ ।

ग) महिला जागरण शिक्षा

बच्चाबच्चीको शैक्षिक विकासमा आमाहरुको शिक्षा र चेतना कोशेढुंगा सावित हुने गरेको पाइएको छ । घरकी एउटी महिला शिक्षित भइन् भने सिंगो परिवार शिक्षित हुन्छ । महिला निरक्षरता निर्मुल पार्ने हो भने र महिलाहरुमा शैक्षिक जागरण अभिवृद्धि गर्ने हो भने बच्चाबच्चीको सिकाई उपलब्धि स्तरमा वृद्धि हुन्छ भन्ने कुरा यस अध्ययनले पनि पुष्टि गरेको छ । महिलाहरुलाई विभिन्न सामाजिक संघसंस्थामा संगठित गरेर समाजका विभिन्नखाले विकृति र विसंगति विरुद्ध आन्दोलित पार्न सकिन्छ । उनीहरुलाई थिचोमिचो गर्ने सामाजिक प्रचलन विरुद्ध आन्दोलित गर्दै उनीहरुमा चेतना अभिवृद्धि गर्न सकिन्छ । आमा समूहहरु तथा महिला विकास शाखाद्वारा संचालन हुने गरेका विभिन्न खालका तालिम, प्रशिक्षणहरुले पनि महिलाहरुलाई सचेत पार्ने गरेको छ । उक्त समूहहरुका गतिविधिहरुलाई अरु तिव्रता पार्नुपर्छ ।

घ) जातीयमुक्ति आन्दोलनहरु

समाजमा विद्यमान पक्षपात, भेदभाव, असमानताका विरुद्ध पीडित समूहका महिलाहरुलाई आन्दोलित पारेर पनि उनीहरुको चेतनास्तर माथि उठाउन सकिन्छ । जातीय एवं वर्गीय मुक्ति आन्दोलनका अगुवाहरुद्वारा दिइने प्रशिक्षणहरुद्वारा दविएकाहरुमा जागरण अभिवृद्धि गर्न सकिन्छ ।

# परिच्छेद पाँच :
# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

अध्ययनको क्रममा संकलित तथ्यांकहरुको व्याख्या तथा को आधारमा निम्नानुसारको प्राप्तिहरु पाइएको छ ।

क) छात्रवृत्ति प्राप्त गरेका दलित र छात्रवृत्ति प्राप्त नगरेको जनजाति विद्यार्थीहरुको विद्यालय भर्नादर क्रमिक रुपमा बढेको पाइयो तर तुलनात्मक रुपले हेर्दा जनजातिका विद्यार्थीहरुको भर्ना वृद्धिदर कमी पाइयो ।

ख) कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर पनि वर्षेनी क्रमिक रुपमा घटेको पाइयो । यो पनि दलितको भन्दा जनजातिको कम रहेको पाइयो ।

ग) प्रा.वि. तह पार गर्ने दर पनि जनजातिको बढी पाइयो ।

घ) परीक्षाको उत्तीर्ण दर भने ३ वटा विद्यालयहरुमा उदार कक्षोन्नति गर्ने सरकारी नीतिले गर्दा परीक्षामा सहभागी भएका सबैलाई उत्तीर्ण गर्ने गरेको पाइयो । गणेश प्रा.वि.मा भने विद्यार्थीहरु अनुत्तीर्ण हुने गरेको पाइयो । दलित विद्यार्थीको उत्तीर्ण दर ९८.९३ प्रतिशत र जनजातिको ९९.४९ प्रतिशत रहेको पाइयो ।

ङ) सरकारी छात्रवृत्ति मार्फत सबै विद्यार्थीमा गरिएको लगानीको ५९ प्रतिशत लगानी दलित विद्यार्थीमा मात्रै गरेको पाइयो ।

च) सिकाई उपलब्धि तर्फ हेर्दा ५५ प्रतिशत दलित विद्यार्थीहरु साह्रै न्यून स्तरका भेटिए, २२ प्रतिशत मध्यमस्तरका भेटिए भने क र ख श्रेणीमा दलित १४ % रहेको भेटियो ।

छ) नमूनामा परेका ३२/३२ जना दलित र जनजाति विद्यार्थी मध्ये जम्मा ५ जना दलित कक्षामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरेको पाइयो ।

ज) विद्यालयमा संचालित अतिरिक्त क्रियाकलापहरुमा पनि दलित विद्यार्थीको भन्दा जनजातिका विद्यार्थीको सहभागिता राम्रो पाइयो ।

झ) सरसफाई, नियमितता, अनुशासनमा पनि दलित विद्यार्थी भन्दा जनजातिका विद्यार्थी बढी सचेत रहेको पाइयो ।

ञ) दलित विद्यार्थीको बाहुल्यता भएको, दलित वस्तीमा अवस्थित गणेश प्रा.वि.मा भने सिकाई उपलब्धि स्तर देखि अन्य गतिविधिमा दलित विद्यार्थी जनजाति तथा अन्य जातिका विद्यार्थी भन्दा अग्र स्थानमा रहेको पाइयो ।

ट) दलित छात्रवृत्ति कोषको छात्रवृत्ति कोटा अत्यन्त न्यून रहेको गुनासो सबै सरोकारवालाहरुबाट पाइयो ।

ट) वर्ग विभेद विना दिइएको छात्रवृत्ति नै सिकाई उपलब्धि अभिवृद्धिको बाधक भएको कुरा पाइयो ।

ठ) छात्रवृत्ति जातीय आधारमा दिन नहुने कुरामा सबै सरोकारवालाहरु सहमत रहेको पाइयो ।

ड) दलितहरुको शिक्षामा पहुँच कम हुनुको कारण आर्थिक विपन्नता भन्दा पनि अज्ञानता, न्यून चेतनास्तर नै प्रमुख रहेको पाइयो ।

ढ) दलित विद्यार्थीको सिकाई उपलब्धिको स्तर न्यून रहनुको कारणमा अभिभावकको निरक्षरता, न्यून स्तरको चेतना, घरको असहज वातावरण, सामाजिक भेदभाव, छुवाछुत र गरिवी रहेको ठहर गरियो ।

ण) सम्पूर्ण दलित विद्यार्थीहरु मध्ये ३० प्रतिशतलाई मात्रै पठनपाठनलाई निरन्तरता दिन छात्रवृत्तिको आवश्यकता देखियो ।

त) वर्ग विभेद गरी आर्थिक रुपले विपन्न र शैक्षिक रुपले जेहन्दार विद्यार्थीलाई उसको शैक्षिक खर्च पुग्ने गरी पूर्ण छात्रवृत्ति दिनुपर्ने र छात्रवृत्ति पनि एकमुष्ट नदिएर शैक्षिक सत्रको शुरुमा र विचमा गरी दिनुपर्ने, नगदको सट्टा स्टेशनरी सामग्री दिनुपर्ने राय प्राप्त भयो ।

थ) आमाहरु साक्षर भएका बच्चाबच्चीको सिकाई उपलब्धिस्तर उच्च पाइयो ।

द) दैनिक कमाई दलित विद्यार्थीका बाबुआमाको बढी भएपनि बचत गर्ने वानी नभएको पाइयो ।

ध) खानपानको तुलनामा शिक्षामा लगानी नगरेको पाइयो ।

न) दलितहरुमा शिक्षालाई हेर्ने नकारात्मक दृष्टिकोणको विकास भएको पाइयो ।

प) जातीय भेदभाव, छुवाछुत जस्ता सामाजिक असमानताहरु शैक्षिक विकासका बाधक रहेको पाइयो ।

फ) छात्रवृत्तिको प्राप्तिलाई अवसर भन्दा पनि दलितको अधिकारको रुपमा बुझी त्यसको दुरुपयोग गरेको पाइयो ।

## ५.२ निष्कर्ष

दलित छात्रवृत्ति कोषबाट दलितका सबै विद्यार्थीलाई दिइने 'दलित छात्रवृत्ति' नामक छात्रवृत्तिले दलित विद्यार्थीको शैक्षिक उपलब्धि स्तर अभिवृद्धि गर्न सघायो वा सघाएन, दलित विद्यार्थीको शैक्षिक उपलब्धि अभिवृद्धिमा देखा परेका समस्याहरु के के हुन् ? र ती समस्या समाधानका उपायहरु पत्ता लगाउने उद्देश्यले गरिएको अध्ययनबाट निम्न निष्कर्ष निकालिएको छ- दलित छात्रवृत्तिले दलित विद्यार्थीको शैक्षिक पहुँच अभिवृद्धि गर्न नसकेको ठहर गरिएको छ । यसको मुख्य कारण यसप्रकार छ :

वर्ग विभेद नगरी सबैलाई छात्रवृत्ति दिनाले शैक्षिक पहुँच अभिवृद्धि गर्न दिएको अवसरको रुपमा बुझ्नुको सट्टा दलितको अधिकारको रुपमा बुझ्ने र त्यसको दुरुपयोग गरेको पाइएकोले साँच्चिकै आर्थिक रुपले विपन्नलाई मात्र छात्रवृत्ति दिनुपर्ने, जातीय आधारमा हटाएर वर्गीय र शैक्षिक रुपले जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, छात्रवृत्ति दिंदा पढाई खर्च पुग्ने गरी रकम बढाएर कोटा तोक्नुपर्ने, नगदको रुपमा छात्रवृत्ति दिनुभन्दा कापी, कलम र पोशाकको रुपमा जिन्सी दिनुपर्ने  छात्रवृत्ति एकमुष्ट दिनुभन्दा चौमासिक रुपमा वा अर्धवार्षिक रुपमा दिनुपर्ने निष्कर्ष निकालिएको छ ।

छात्रवृत्तिको दुरुपयोग रोक्न विद्यालयहरुद्वारा अनुगमन गरिनुपर्ने, दुरुपयोग गर्नेलाई पुनः उक्त अवसर दिन नहुने, अभिभावकहरुलाई छात्रवृत्तिको उद्देश्यबारे जानकारी गराउनुपर्ने, अभिभावकलाई अनौपचारिक शैक्षिक कार्यक्रम संचालन गरी साक्षर गराउनुपर्ने, उनीहरुमा शैक्षिक जागरण ल्याउनुपर्ने,  विद्यालयको पढाईको स्तर उकास्नुपर्ने शिक्षालाई सस्तो भन्दा उच्च गुणस्तरीय पार्नुपर्ने, वैज्ञानिक, व्यवहारिक, व्यवसायीमुखी शिक्षा दिएर शैक्षिक बेरोजगारीको अन्त्य गरी शिक्षालाई हेर्ने नकारात्मक सोचको अन्त्य गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

पाउलो फ्रेरेले (सन् १९७०) दविएकाहरुलाई पैसाले होइन न्यायद्वारा उकास्न सकिन्छ भनेका छन् । नेपालका दविएका भित्र दलितहरु, जनजातिहरु र अन्य पिछडिएका अल्पसंख्यक जातजातिहरु पर्दछन् । यिनीहरु सामाजिक रुपमा पनि विभिन्न खाले असमानता र पक्षपातद्वारा पीडित छन्,

आर्थिक रुपले पनि शोषित छन् । चेतनास्तर न्यून छ । सांगठनिक रुपले असंगठित छन् । सामाजिक मूल्य मान्यता हतकडी बनेर यिनीहरुलाई बाँधेका छन् । जसलाई नरोकेसम्म यिनीहरु अरु जातजाति सरह समान अधिकार प्रयोग गर्दै अगाडि बढ्न सक्दैनन् । यिनीहरुलाई असमानता, सामाजिक बन्धन विरुद्ध आन्दोलित गर्दै जातीय एवं वर्गीय शोषणबाट मुक्त पारी सबै जातजाति बीचको विभेदको अन्त्य गर्नु उत्प्रेरित गरी समानता र स्वतन्त्रताको बहाली पश्चात मात्रै शिक्षाको मूल धारमा समावेश गर्न सकिने निष्कर्षमा पुगिएको छ ।

दलितहरुलाई आरक्षण र कोटा छुट्याएर मात्रै हुँदैन । उनीहरुलाई सक्षम, दक्ष र पूर्ण बनाउँदै प्रतिस्पर्धा गर्न सक्ने बनाउनुपर्छ । अस्पष्ट शिक्षा नीतिको अन्त्य गरी देशको आर्थिक हैशियतले थेग्ने तहसम्म निःशुल्क र नसक्ने भए सःशुल्क विद्यालय संचालन गर्नुपर्छ । सरकारी विद्यालयको पढाईको स्तर नउकास्ने हो भने जतिसुकै छात्रवृत्ति दिए पनि दविएकाहरुलाई शिक्षाको मूल धारमा समाहित गर्न सकिंदैन ।

## ५.३. सुझावहरु

सन् २०१५ सम्म 'सवैका लागि शिक्षा' को नारालाई साकार पार्न सरकारी एवं गैरसरकारी क्षेत्रबाट गरिएका प्रयासहरु सह्रानीय छन् । शिक्षाको मूल धारमा समावेश हुन नसकेका पिछडिएका वर्ग र समुदायका बालबच्चाहरुलाई विद्यालयतर्फ आकर्षित गर्न, विद्यालयमा आएकालाई विद्यालयमा टिकाई राख्न र उनीहरुलाई सिकाईमा उत्प्रेरित गर्न विभिन्नखालका छात्रवृत्ति कोषको स्थापना गरिएको छ । त्यस्तैखाले एउटा कोष हो दलित छात्रवृत्ति कोष । यस कोषबाट विद्यालयमा भर्ना भएका सम्पूर्ण दलित विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्दछन् । यस छात्रवृत्ति कार्यक्रमले दलित विद्यार्थीको सिकाई उपलब्धि अभिवृद्धिमा पारेको प्रभावको जानकारी लिनको लागि गरिएको अध्ययनको क्रममा प्राप्त भएका प्राप्तिहरु र त्यसबाट निकालिएको निष्कर्षको आधारमा देहायका सुझावहरु प्रस्तुत गरिएको छ

### ५.३.१. केन्द्रीय स्तरको शैक्षिक संगठनका लागि सिफारिस गरिएका सुझावहरु

छात्रवृत्ति कार्यक्रम मार्फत गरिएको लगानीले अपेक्षा अनुरुपको उपलब्धि दिन नसकेको कुरा यस अध्ययनले प्रमाणित गरेको छ । यस्तो हुनुमा नीतिनियम निर्माण गर्ने तहदेखि कार्यान्वयन गर्ने तहसम्म विभिन्न कमी कमजोरीहरु देखिएका छन् । ती कमजोरीहरु नहटाउँदासम्म अपेक्षाकृत उपलब्धि प्राप्त गर्न नसकिने भएकाले नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा विभाग एवं छात्रवृत्ति शाखा लगायतका निकायहरुलाई तपसिलका सुझावहरु सिफारिस गरिएको छ -

क) वर्ग विभेद गरी गरीव र जेहेन्दार विद्यार्थीलाई मात्रै छात्रवृत्ति दिने नीति अबलम्वन गर्नसके लक्षित वर्गले राहतको महसुस गर्न सक्ने थिए ।

ख) छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीको पढाई खर्चको समस्या टर्ने गरी यसको राशी (मात्रा) बढाउन बरु कोटा संख्या घटाएर भएपनि सिमित र आवश्यक पर्नेलाई मात्र छात्रवृत्ति दिदाँ राम्रो हुने थियो ।

ग) छात्रवृत्तिको रकम शैक्षिक सत्रको शुरुमै ५० % र दोस्रो निकासा हदा बाकी ५०% दिए विद्यार्थीले राहत महसुगर्ने थिए ।

घ) आर्थिक रुपले विपन्न विद्यार्थीलाई सामुदायिक विद्यालयहरु भर्ना लगायत कुनै शुल्क लिन नपाइने निर्देशन गर्ने तर आर्थिक रुपले सम्पन्न जुनसुकै जातजातिकासँग पनि शुल्क लिन पाउने अधिकार विद्यालयहरुलाई दिएमा विद्यालयहरुको आर्थिक समस्या हल हुने थियो ।

ङ) आधारभूत शिक्षा (कक्षा १-८) अनिवार्य, व्यवसायी, व्यवहारिक, सीपमूलक बनाउन सके राम्रो हुने थियो ।

च) देशभर एउटै किसिमको शिक्षा हुनुका साथै संस्थागत विद्यालय भन्दा सरकारी अनुदान पाएका सामुदायिक विद्यालयहरुद्वारा दिइने शिक्षा गुणस्तरीय गराउन सकेमा सरकारी विद्यालयप्रतिको आकर्षण एवम् जनविश्वास बढेने थियो ।

छ) नेपाली बाहेक अन्य विषय अंग्रेजी माध्यमबाट पठनपाठन गर्न सके अभिभावकहरुको चाहना पुरा हुने थियो ।

ज) विद्यालयको अनुगमन गर्ने कार्यलाई चुस्त पार्न सके शिक्षा क्षेत्रको अनियमितता घट्ने थियो ।

झ) विद्यालय संचालन एवं पठनपाठनको निश्चित मापदण्ड तोक्ने र तद्अनुसार नगर्ने विद्यालयहरुलाई कारवाही गर्ने व्यवस्था भएमा विद्यालय व्यवस्थापक एवम सञ्चालक हरको लाहपरवाहि कम हुने थियो ।

ञ) शिक्षण शुल्क तिर्न नसक्नेहरुको पहिचान गरी शुल्क मिनाहा गरिदिने, छात्रवृत्ति दिने तर तिर्न सक्नेहरुसँग शिक्षण शुल्क उठाएर विद्यालयहरुलाई आर्थिक रुपले सम्पन्न गराई पठनपाठनको गुणस्तर सुधारमा खर्च गर्न लगाएमा शिक्षाको गुणस्तर वृद्धि हुने थियो ।

### ५.३.२. जिल्लास्तरको शैक्षिक संगठनका लागि सिफारिस गरिएका सुझावहरु

क) शैक्षिक सत्रको शुरुमै वा असार महिना भित्रै छात्रवृत्तिको रकम विद्यालयको खातामा निकासा दिएर सोको विवरण समेत खुलाएर सोको जानकारी सम्बन्धित विद्यालयलाई दिनुकासाथै । उक्त जानकारी पत्र विद्यालयहरुलाई सूचना पार्टीमा टाँस्न निर्देशन गर्न सके सबै सरोकारवालाहरुलाई स्पष्ट जानकारी हुने थियो ।

ख) छात्रवृत्ति वितरणको समयसीमा तोक्नसके वितरणमा हुने ढिलासुस्तीको मारमा विद्यार्थी पर्ने थिएनन् ।

ग) विद्यालयले बनाएको भरपाईमा मात्रै विश्वास नगरी विद्यालयमै गएर अनुगमन गर्नसके आर्थिक अनियमितता कमहुने थियो ।

### ५.३.३. विद्यालयलाई सिफारिसहरु गरिएका सुझाबहरु

क) हरेक विद्यालयमा शिक्षक, अभिभावक, विद्यार्थी सम्मिलित छात्रवृत्ति व्यवस्थापन समिति गठन भए छात्रवृत्ति कार्यक्रम व्यवस्थित हुने थियो ।

ख) छात्रवृत्ति व्यवस्थापन समितिलाई विद्यार्थी छनौट वितरण र अनुगमन समेत गर्ने अधिकार दिए उक्त समिति बढि जिम्मेवार र जवाफदेहि हुने थियो ।

ग) छात्रवृत्तिको लागि विद्यार्थीहरुसँग दरखास्त आह्वान गर्ने पद्धतिको विकास भए सबैको सुचनाको हक सुरक्षित हुने थियो ।

घ) विद्यालयको खातामा आएको छात्रवृत्तिको रकमको मात्रा कोटा संख्या, प्रति कोटाको रकमको विवरण खुलाई विद्यालयको सूचना पाटीमा सूचना टाँसिनु सार्वजनिक गर्न सके आर्थिक पार्दशिता बढ्ने थियो ।

ङ) अभिभावक भेलामा छात्रवृत्तिको उद्देश्य र यसको प्रयोगको क्षेत्रबारे स्पष्ट जानकारी दिएर मात्रै छात्रवृत्ति वितरण गर्दा यसको दुरुपयोग कम हुने थियो ।

छ) विद्यालय प्रशासकले शिक्षक स्टाफसँगको सम्बन्ध सुमधुर राख्ने, बेलाबेलामा छलफल, अन्तरक्रिया चलाउने, आर्थिक पारदर्शिता अपनाउने, विद्यालयको पठनपाठनको खस्किंदो स्तर उकास्ने, अभिभावक र विद्यार्थीको चाहना बुझी आवश्यक भए अंग्रेजी माध्यमबाट पढाउने, शिक्षकहरुको क्षमतालाई विद्यालयको हितको लागि पूर्णरुपमा उपयोग गर्न, सबै शिक्षक स्टाफसँग समान व्यवहार गर्ने, विद्यालयमा राजनीतिक पूर्वाग्रह नराख्ने गर्नुपर्ने देखिन्छ ।

ज) शिक्षकहरुले पनि आफ्नो दायित्व र कर्तव्यबोध गर्नैपर्छ । सामुदायिक विद्यालयहरुमा क्षमतावान् तथा तालिम प्राप्त शिक्षकको बाहुल्यता हुँदाहुँदै पनि पढाइको गुणस्तर खस्कनुमा शिक्षकहरुको लापरवाहीले हो भन्ने आरोप लाग्ने गरेको छ । त्योबाट बच्नको लागि शिक्षकहरु इमान्दार, कर्तव्यनिष्ट बन्नैपर्ने भएको छ ।

## ५.३.४. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी र तिनीहरुका अभिभावकहरुका लागि सिफारिस गरिएका सुझावहरु

क) छात्रवृत्ति शैक्षिक उत्थानको लागि दिएको अवसर हो, यो अधिकार होइन । यसको दुरुपयोग गरेमा यो पुनः प्राप्त नहुन सक्छ ।

ख) शिक्षा जीवन सजाउने गहना होइन गरिखाने हतियार हुनुपर्छ । यसको लागि शिक्षाद्वारा विद्यार्थीले आफ्नो दक्षता सीपको अभिवृद्धि गर्नुपर्छ । दक्षता, क्षमता र सीपका साथै हाम्रो आचरणमा पनि सुधार गर्न मिहिनेत गर्नुपर्छ ।

ग) आफूलाई पछि पार्ने खालका गलत व्यवहार सबै छोडी आफूमाथिको थिचोमिचोबाट मुक्त हुन आफै जागरुक हुनुपर्छ । समाजमा विद्यमान असमानता, पक्षपात, भेदभावपूर्ण सामाजिक नीति नियम तोड्न सघाउने मुख्य कुरा शिक्षा भएकाले यसलाई जसरी पनि प्राप्त गर्नुपर्छ ।

घ) खोसिएका हकअधिकारहरु फिर्ता गर्न आफै लागी पर्नुपर्छ । संगठित हुनुपर्छ, दास मनोवृत्ति त्याग्न सक्नुपर्छ । आफूमा रहेको हिनताबोध हटाउनुपर्छ । आफ्नो अधिकार खोज्नु राम्रो पक्ष हो, त्यसका साथै कर्तव्य पनि निर्वाह गर्दा सफल भइन्छ ।

ङ) छुट्टै कोटा र आरक्षणको मात्रै आशा र माग गर्दा आफूमा क्षमताको विकास गर्नेतर्फ ध्यान जाँदैन र सधैंभरी परनिर्भर भइन्छ । आजको प्रतिस्पर्धात्मक युगमा आफू पनि टिक्न सक्ने गरी क्षमताको विकास गर्नेतर्फ ध्यान दिनुपर्छ । अर्काले मारेर दिएका माछा खानु भन्दा आफूले माछा मारेर खाने सिके सधैं खान पाइन्छ भन्नेतर्फ सोच्नुपर्छ ।

# सन्दर्भ सामग्री


**उत्पीडित जातिको सन्दर्भमा** (२०५३), ललितपुर दलितसेवा संघ

काफ्ले, वासुदेव र अन्य (२०६२), **शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा,** काठमाडौा : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले लाल प्रसाद (२०६३), **छात्रवृत्तिको प्रभावकारीता एक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि, काठमाण्डौ ।

खनाल, श्रीप्रसाद र नवराज, मुडवारी (२०६०), **शैक्षिक अनुसन्धान पद्धति,** कीर्तिपुर, काठमाडौा : जुपिटर प्रकाशन ।

गिरी जितेन्द्र देव (२०५४), **दलित समुदायको शैक्षिक तथा साास्कृतिक समस्याको सामाधानको उपयाहरु**, गोष्ठिमा प्रस्तुत कार्यपत्र, काठमाण्डौ ।

घिमिरे, सुदर्शन (२०६६ कार्तिक), **स्कूल सुधार्ने नयाा उपक्रम,** ललितपुर : शिक्षक मासिक पत्रिका ।

थपलिया, तुलसीप्रसाद (२०६५), **विद्यालय क्षेत्र सुधार कार्यक्रम,** शैक्षिक स्मारिका राष्ट्रिय शिक्षा दिवस, काठमाडौः  शिक्षा विभाग ।

दाहाल, यज्ञरथ, (२०६१), **प्राथमिक विद्यालयमा दलित बालबालिकाको शिक्षामा सहभागिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., काठमाडौा ।

**नेपालको अन्तरिक संविधान** (२०६३), बौद्धिक दर्पण प्रकाशन, काठमाडौा ।

भट्टराई, रुद्र(२०६५), **उपलब्धि परिक्षण एक चर्चा,** शैक्षिक स्मारिका राष्ट्रिय शिक्षा दिवस , काठमाण्डौ : शिक्षा विभाग ।

**मानव मर्यादा बर्ष** (२०५८), काठमाण्डौ : राष्ट्रिय दलित विकास समिति

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५९), शैक्षिक सरोकार मञ्च, काठमाडौा ।

राइ, बमबहादुर (२०६३), **जालपा गा.वि.स.का दलितहरुको शैक्षिक अवस्था,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., काठमाडौा ।

रावत, चक्रबहादुर, (२०५८), **प्राथमिक विद्यालयमा छात्रा छात्रवृत्तिको प्रभावकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, काठमाडौा ।

विश्वकर्मा बालमया (२०६३), **शिक्षामा दलितहरुको अवस्था र पहुाच अभिवृद्धि,** त्रैमासिक पत्रिका, ललितपुरः नेपाल राष्ट्रिय दलित कलयाण संघ ।

**शैक्षिक समाचार बुलेटिन,** (२०६७), जिल्ला शिक्षा कार्यालय, पर्वत ।

सिन्हा, राम स्वरुप (२०६५), **बहुभाषिक शिक्षक प्रशिक्षण,** शैक्षिक स्मारिका, राष्ट्रिय शिक्षा दिवस, काठमाण्डौ : शिक्षा विभाग ।

श्रेष्ठ, मकर (२०६७, वैशाख २६), **६ हजार विपन्नलाई छात्रवृत्ति,** काठमाडौा : कान्तिपुर दैनिक ।

Flash II Report (2066). **Government of Nepal, Ministry of Education.** Department of Education, Sanothimi, Bhaktapur.

## दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसुची - १

मिती : २०६७/ /

श्रीमान् ......................................................ज्यु ।

**विषय : तथ्याङ्क उपलब्ध गराई दिने बारे ।**

महोदय ,

उपर्युक्त विषयका सम्वन्धमा श्री सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर चितवनको शिक्षा शास्त्र संकाय स्नातकोत्तरतह द्धितिय वर्षको आंशीक आवश्यकता पुरा गर्ने प्रयोजनका लागी सामुदायीक विद्यालयमा दलित विद्यार्थीको शैक्षिक उपलब्धीमा छात्रवृत्तिको प्रभाव नामक शोधपत्र तयार पार्नको लागी यस कार्यलयबाट विद्यालयबाट आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गरीदिनु हुन विनम्र अनुरोध गर्दछु ।

शोधकर्ता

**शान्ता शर्मा**

स्नाकोत्तर तह द्वितीय वर्ष

शिक्षा योजना तथा व्यवस्थापन विभाग,

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसुची - २

**प्र.अ. का लागि तयार पारिएको प्रश्नावली**

विद्यालयको नाम :

प्र.अ.को नाम :

ठेगाना : शैक्षिक योग्यता :

१. तपाईले यस बिद्यालयमा प्र.अ.का रुपमा सेवा गरेको कति वर्ष भयो ?

उत्तरः

२. के तपाईको विद्यालयमा विद्यार्थी छात्रवृत्ति कोषको स्थापना भएको छ ?

उत्तरः

३. उक्त छात्रवृत्ति कोषमा कुन-कुन प्रकारका छात्रबृत्तिहरु पर्दछन् ?

(क) ...................................... (ख) ...................................

(ग) ...................................... (घ) ...................................

४. छात्रवृत्ति व्यावस्थापन , बितरणमा के कस्ता समस्याहरु आउने गरेका छन् ?

उत्तरः

५. छात्रबृत्तिमा दलित बिद्यार्थीलाई विशेष प्राथमिकता दिईने गरीएको छ ,के यो उचित हो ?

उत्तरः

६. दलित छात्रबृत्ति कार्यक्रमले बिद्यार्थीको शैक्षिक उपलब्धि अभिवृद्धीमा सकारात्मक प्रभाव पारेको पाउनु भएको छ ?

उत्तरः

७. तपाईको विद्यालयमा आउने दलित र जनजाती विद्यार्थीमध्ये कुन जातिका विद्यार्थी बढि अनुशाशित र लगनशिल छन् ?

उत्तरः

८. छात्रबृत्ति पाउने दलित र नपाउने जनजाती बिद्यार्थी मध्ये कस्तो पढाई राम्रो भएको पाउनु भएको छ ?

उत्तरः

## दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसुची - ३

**छात्रवृत्ति पाउने विद्यार्थीका अभिभावकको लागि तयार पारिएको प्रश्नावली :**

नामः........................................................... उमेर ...................पेशाः..................

ठेगानाः.......................................... शैक्षिक योग्यता बाबु ................ आमा ...........

१. तपाईको वच्चालाई कुन छात्रवृत्ति कति पटक दिइयो ?

उत्तरः

२. त्यो छात्रवृत्ति किन दिइएको होला ?

उत्तरः

३. छात्रवृत्ति वितरण गर्दा अभिभावकलाई पनि वोलाइएको थियो ?

उत्तरः

४. छात्रवृत्ति स्वरुप नगद वा जिन्सी के दिइयो ? त्यस प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

उत्तरः

५. त्यो छात्रवृत्तिले तपाईलाई वच्चाको पढाई खर्च टार्न केहि राहत मिल्यो ? छात्रवृत्ति नदिएको भए बच्चालाई पढाउन सक्नु हुन्थ्यो कि थिएन ?

उत्तरः

६. दलित विद्यार्थीहरु शिक्षामा पछि पर्नुका कारणहरु के के हुन सक्छन् ?

उत्तरः

७. छात्रवृत्ति प्राप्त गर्नुपुर्व र पछीमा वच्चाको पढाई प्रतिको लगनशिलतामा केहि परीवर्तन भएको पाउनु भएको छ ?

उत्तरः

८. दलित भएकै मात्र कारणले वच्चाले छात्रवृत्ति पाउदा तपाईलाई कस्तो लाग्यो ?

उत्तरः

९. के विद्यालयद्वारा दिईएको छात्रवृत्तिको सदुपयोग/दुरुपयोग सम्वन्धी अनुगमन पनि हुने गरेको छ ?

उत्तरः

# दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसुची - ४

**छात्रवृत्ति नपाउने जनजाति विद्यार्थीको लागि तयार पारिएको प्रश्नावली**

नाम :............................................... उमेरः.................. लिङ्ग.................

ठेगाना :.................................... शैक्षिक योग्यता बाब.............. आमा ................

१ विद्यालयमा गएर पढ्न पाउदा तपाईलाई कस्तो लाग्छ ?

(क) धेरै खुसी लाग्छ (ख) खुसी लाग्छ

(ग) दुःख लाग्छ (घ) थाहा छैन

२. सरकारी स्कुलमा पढ्न आउनुको कारण के हो ?

(क) बोर्डिङ्ग स्कूल पढ्ने पैसा नभएर (ख) बोर्डिङ्ग स्कूल टाढा भएर

(ग) छात्रवृत्ति पाइन्छ कि भनेर (घ) सरकारी स्कूलमा पढ्न मन लागेर

३. किन तपाइलाई छात्रवृत्ति नदिइएको होला ?

(क) जनजातिका लागि छात्रवृत्तिको कोटा नभएर (ख) गरीब र जेहेन्दार नभएर

(ग) पढाईमा राम्रो नभएर घ) अन्य भए....................

४. कस्ता विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने हो ?

(क) गरीब र जेहेन्दरालाई (ख) सबैलाई

(ग) सबै दलितलाई (घ) गरीबलाई मात्र

५. तापाईको विद्यालयमा कस्ता-कस्ता विद्यार्थीले छात्रवृत्ति पाउछन् ?

(क) जेहन्दार तथा गरीवले (ख) दलितले

(ग) ५० प्रतिशत छात्रा र अपाङ्गले (घ) माथिका सवैले

६. छात्रवृत्ति नपाउदा तपाईको पढाईमा कस्तो असर पर्‍यो ?

(क) केहि असर परेन (ख) कापी कलम किन्ने पैसा भएन

(ग) मनमा खिन्नता वढ्यो (घ) पढ्नै मन लागेन

७. सबै दलित विद्यार्थीले छात्रवृत्ति पाउदा पनि किन पढाई प्रति आकषित हुन नसकेको होलान् ?

(ख) छात्रवृत्तिको रकम थोरै भएर (ख) घरमा शैक्षिक वातावरण राम्रो नभएर

(ग) चेतना स्तर न्युन भएर (घ) माथिका सबै

## दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसुची - ५

**छात्रवृत्ति पाउने दलित विद्यार्थीहरुको लागि तयार पारिएको प्रश्नावली**

विद्यालयको नाम :...........................................................

विद्यार्थीको नाम :....................................ठेगाना :............................उमेर :..............

लिङ्ग :................................ कक्षा :..............................

१. तपाईले कुन छात्रवृत्ति पाउनु भयो ?

(क) दलित छात्रवृत्ति (ख) स्थानिय छात्रवृत्ति

(ग) ५० प्रतिशत छात्रावृत्ति (घ) अन्य भए

२. यो छात्रवृत्ति कस्ता विद्यार्थीले पाउछन् ?

(क) दलितले मात्र (ख) अपाङ्गले

(ग) गरिबले (घ) जेहेन्दारले

३. के उद्देश्यले छात्रवृत्ति दिईएको हो ?

(क) भर्नादर वढाउन (ख) कक्षा छाड्ने दर घटाउन

(ग) शैक्षिक उपलब्धी स्तर वढाउन (घ) माथीका सवै

४. छात्रवृत्ति पाउदा कस्तो लाग्यो ?

(क) खुसी लाग्यो (ख) दु:ख लाग्यो

(ग) केही पनि भएन (घ) रीस उठ्यो

५. छात्रवृत्तिको रुपमा के दिइयो ?

(क) नगद (ख) जिन्सी

(ग) नि:शुल्क पढ्ने अवसर (घ) अन्य भए...........

६. छात्रवृत्ति स्वरुप के दिदा पढाईमा वढी राहत पुग्यो जस्तो लाग्छ ?

(ख) नगद (ख) विद्यालय पोसाक

(ग) स्टेशनरी सामाग्री (घ) अन्य भए .............

७. तपाईले पाएको छात्रवृत्ति के तपाईकै पढाइमा प्रयोग भयो त ?

उत्तर:

# दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसुची - ६

**जि.शि.का. पर्वतबाट छात्रवृत्ति सम्बन्धी सूचना संकलनको लागि तयार पारिएको प्रश्नावली**

प्रश्नावली भर्नेको नाम.............................................फाँट................पद..................

कार्यालय जिल्ला शिक्षा कार्यालय पर्वत

**प्रश्नावलीहरु :**

१. जि.शि.का. पर्वतमा शै.स.२०६४/०६५/०६६ मा शिक्षा मन्त्रालयबाट प्राप्त भएको छात्रबृत्तिको विवरण

| क्र.सं. | छात्रवृत्तिको प्रकार | तह | रकम | | |
|---|---|---|---|---|---|
| | | | शै.स.०६४ | ०६५ | ०६६ |
| १ | | मा.बि. | | | |
| | | नि.मा.बि. | | | |
| | | प्रा.बि. | | | |
| २ | | मा.बि. | | | |
| | | नि.मा.बि. | | | |
| | | प्रा.बि. | | | |
| ३ | | मा.बि. | | | |
| | | नि.मा.बि. | | | |
| | | प्रा.बि. | | | |
| | | नि.मा.बि. | | | |
| | | प्रा.बि. | | | |
| | **जम्मा** | | | | |

२. जि.शि.का.पर्वतले आफ्नै श्रोतबाट प्रदान गर्ने छात्रवृत्ति भए सोको बिवरण-

| क्र.सं. | छात्रवृत्तिको प्रकार | रकम | | |
|---|---|---|---|---|
| | | २०६४ | २०६५ | २०६६ |
| | | | | |
| | | | | |

३. छात्रवृत्रि बितरण जि.शि.का. पर्वत मा देखिएका समश्या हरु के के हुन ?

उत्तरः

४. विद्यालय हरुमा पठाइएको छात्रवृत्ति तोकीएको आधारमा बितरण भए नभएको थाहा पाउन अनुगमन को ब्यबस्था कसरी मिलइएको छ ?

उत्तरः

# दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसूची - ७

**विद्यार्थी संख्या विवरण**

विद्यालयको नामः.....................................................................

| कक्षा | २०६४ | | | | | | जम्मा | २०६५ | | | | | | जम्मा | २०६६ | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | जनजाति | | अन्य | | | दलित | | जनजाति | | अन्य | | | दलित | | जनजाति | | अन्य | | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

# दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसूची - ८

### छात्रवृत्ति सम्बन्धी विवरण

**विद्यालयको नामः.........................................................................................**

| कक्षा | २०६४ | | | | | | | | | | | | २०६५ | | | | | | | | | | | | २०६६ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रावृत्ति पाउने विद्यार्थी | | | | | | छात्रावृत्ति नपाउने बिद्यार्थी | | | | | | छात्रावृत्ति पाउने बिद्यार्थी | | | | | | छात्रावृत्ति नपाउने विद्यार्थी | | | | | | छात्रावृत्ति पाउने विद्यार्थी | | | | | | छात्रावृत्ति नपाउने विद्यार्थी | | | | | |
| | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसूची - ९

### कक्षा ५ को उपलब्धि परीक्षण परीक्षाको नतिजा विवरण

विद्यालयको नाम : २०६४

| विवरण | परीक्षामा सम्मीलित | उत्तिर्ण | | | |
|---|---|---|---|---|---|
| | | क श्रेणी | ख श्रेणी | ग श्रेणी | घ श्रेणी |
| दलित | | | | | |
| जनजाती | | | | | |
| अन्य | | | | | |
| जम्मा | | | | | |

२०६५

| विवरण | परीक्षामा सम्मीलित | उत्तिर्ण | | | |
|---|---|---|---|---|---|
| | | क श्रेणी | ख श्रेणी | ग श्रेणी | घ श्रेणी |
| दलित | | | | | |
| जनजाती | | | | | |
| अन्य | | | | | |
| जम्मा | | | | | |

२०६६

| विवरण | परीक्षामा सम्मीलित | उत्तिर्ण | | | |
|---|---|---|---|---|---|
| | | क श्रेणी | ख श्रेणी | ग श्रेणी | घ श्रेणी |
| दलित | | | | | |
| जनजाती | | | | | |
| अन्य | | | | | |
| जम्मा | | | | | |

# दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसूची - १०

### कक्षा छाड्ने र कक्षा दोहोराउने बिद्यार्थी विवरण

**विद्यालयको नामः.....................................................................**

| साल | छात्रवृत्ति पाएर कक्षा छाड्ने | | | | | | जम्मा कक्षा छाड्ने | | | | | | छात्रावृत्ति पाएका कक्षा दोहोराउने | | | | | | जम्मा काक्षा दोहोराउने | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | | दलित | | जनजाति | | अन्य | |
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| २०६४ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६५ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६६ | | | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची - ११

## सेवाक्षेत्र सम्बन्धी विवरण

## विद्यालयको नामः.........................................................................................

| साल | सेवाक्षेत्रको घरधुरी | | | सेवाक्षेत्रको जनसंख्या | | | बिद्यालय उमेर (५-१४) | | | बिद्यालय जाने संख्या | | | बिद्यमलय बाहिर रहेको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाति | अन्य | दलित | जनजाति | अन्य | दलित | जनजाति | अन्य | दलित | जनजाति | अन्य | दलित | जनजाति | अन्य | |
| | | | | | | | | | | | | | | | | |
| ०६४ | | | | | | | | | | | | | | | | |
| ०६५ | | | | | | | | | | | | | | | | |
| ०६६ | | | | | | | | | | | | | | | | |

## दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

## अनुसूची - १२

तालिका १ विद्यार्थी संख्या र छात्रवृत्ति प्राप्त गर्नेको

**विवरण**

| विद्यालय | २०६४ | | | | २०६५ | | | | २०६६ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा विद्यार्थी** | | छात्रवृत्ति प्राप्त गर्ने | | जम्मा विद्यार्थी | | छात्रवृत्ति प्राप्त गर्ने | | जम्मा विद्यार्थी | | छात्रवृत्ति प्राप्त गर्ने | |
| | **दलित** | **जनजाति** | **दलित** | **जनजाति** | **दलित** | **जनजाति** | **दलित** | **जनजाति** | **दलित** | **जनजाति** | **दलित** | **जनजाति** |
| **खरिबोट गो.दे.मा.वि.** | ९३ | ३७ | ९३ | १२ | ९८ | २९ | ९८ | १० | १०९ | २६ | १०९ | ६ |
| **गणेश प्रा.वि.** | ९४ | ३० | ९४ | ८ | ११० | ३० | ११० | ८ | १२८ | ३४ | १२८ | १० |
| **नुवार सुवेदीथर मा.वि.** | ४२ | ३० | ४२ | १४ | ३५ | २७ | ३५ | ९ | ३२ | २० | ३२ | ९ |
| **पाङ्धैरेनी उ.मा.वि.** | ६४ | ४८ | ६४ | १२ | ५५ | ४८ | ५५ | १३ | ५६ | ५३ | ५६ | १३ |
| **जम्मा** | २९३ | १४५ | २९३ | ४६ | २९८ | १३४ | २९८ | ४० | ३२५ | १३३ | ३२५ | ३८ |

**स्रोत :- विद्यालय अभिलेख** २०६४-२०६६

## अनुसूची - १३

## दलित विद्यार्थीको शैक्षिक उपलब्धिका चुनौति एंव चुनौती न्यूनिकरणका सम्बन्धमा प्रश्नावली को उत्तरबाट प्राप्त प्रतिक्रियाको सार संक्षेप

### चुनौतिहरु सम्बन्धि विवरणः

**प्रतित्रिया दिने** **प्रतिक्रिया**

| प्र.अ.४ | अभिभावक १० | विद्यार्थी ६४ | **प्रतिक्रिया** |
|---|---|---|---|
| ४ | ६ | ४८ | **अभिभावकको चेतनास्तर न्यून** |
| १ | ५ | १९ | **आर्थिक विपन्नता** |
| ४ | ६ | ४० | **सामाजिक असमानता** |
| ३ | १० | १६ | **शिक्षा प्रणालीमा रहेको दोष** |
| २ | १० | ६४ | **सामुदायिक विद्यालयहरमा राम्रो पढाई नहुनु** |

**स्रोत : स्थलगत सर्वेक्षण** (२०६७)

### चुनौति न्यूनिकरण गर्ने उपायहरु सम्बन्धि विवरण

**प्रतिक्रिया दिने** **प्रतिक्रिया**

| प्र.अ.४ | **अभिभावक** | **विद्यार्थी** ६४ | **प्रतिक्रिया** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | १० | | |
| ४ | ७ | ४८ | **अभिभावकको चेतनास्तरमा वृधि गर्नुपर्ने** |
| १ | ५ | १९ | **आर्थिक समस्या सामाधान** |
| ४ | १० | ३२ | **रुढिवादी परम्पराको अन्त्य** |
| ४ | १० | ६४ | **गु0ास्तरीय शिक्षाको विकास** |
| ४ | ६ | ४० | **सामाजिक असमानताको अन्त्य** |
| ४ | १० | ६४ | घरमा शैक्षिक वातावरणको सिर्जना |

**स्रोत : स्थलगत सर्वेक्ष0ा** (२०६७)

तालिका २ छात्रवृत्तिले भर्नादरमा पारेको **प्रभाव**

| **उमेर तह** | विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शै.स. २०६४ | | | | शै.स. २०६५ | | | | शै.स. २०६६ | | | |
| | **दलित** | **जनजाति** | **अन्य** | **जम्मा** | **दलित** | **जनजाति** | **अन्य** | **जम्मा** | **दलित** | **जनजाति** | **अन्य** | **जम्मा** |
| **सेवा क्षेत्रको प्रा.वि. उमेर समूह (५-९ वर्ष) को** | **४१४** | **१९१** | **३६०** | **९६५** | **३९८** | **१७९** | **३५०** | **९२७** | **३७६** | **१६५** | **३१७** | **८५८** |

| उमेर तह | विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शै.स. २०६४ | | | | शै.स. २०६५ | | | | शै.स. २०६६ | | | |
| | दलित | जनजाति | अन्य | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | दलित | जनजाति | अन्य | जम्मा |
| संख्या | | | | | | | | | | | | |
| भर्ना संख्या | ३६९ | १७८ | ३५१ | ८९८ | ३७२ | १७३ | ३४६ | ८९१ | ३५९ | १५९ | ३१५ | ८३३ |
| भर्ना प्रतिशत | ८९.१३ | ९३.१९ | ९७.५० | ९३.०५ | ९३.४६ | ९६.६४ | ९८.८५ | ९६.११ | ९५.४७ | ९६.३६ | ९९.३६ | ९७.०८ |
| विद्यालय बाहिरको संख्या | ४५ | १३ | ९ | ६७ | २६ | ६ | ४ | ३६ | १७ | ६ | २ | २५ |
| विद्यालय बाहिरको प्रतिशत | १०.८७ | ६.८१ | २.५० | ६.९५ | ६.३६ | ३.३६ | १.१५ | ३.८९ | ४.५३ | ३.६४ | ७.६४ | २.९२ |

**स्रोत :- विद्यालय अभिलेख** २०६४-२०६६

तालिका ३ उत्तिर्ण दर, कक्षा छाड्ने र दोहोऱ्याउने सम्बन्धि विद्यार्थी **विवरण**

| **शैक्षिक सत्र** | **जम्मा विद्यार्थी** | | | | **परीक्षामा सम्मिलित** | | | | **उत्तीर्ण विद्यार्थी** | | | | **कक्षा छाड्ने** | | | | **दोहोऱ्याउने** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **द.** | **ज.** | **अ.** | **जम्मा** | **द.** | **ज.** | **अ.** | **जम्मा** | **द.** | **ज.** | **अ.** | **जम्मा** | **द.** | **ज.** | **अ.** | **जम्मा** | **द.** | **ज.** | **अ.** | **जम्मा** |
| २०६४ | २९३ | १४५ | २७६ | ७१४ | २६७ | १३८ | २६१ | ६६६ | २६४ | १३७ | २६१ | ६६२ | १६ | ४ | १० | ३० | १० | ३ | ५ | १८ |
| २०६५ | २९८ | १३४ | २४९ | ६८१ | २७३ | १२८ | २२३ | ६२४ | २७३ | १२८ | २२३ | ६२४ | १४ | ६ | १८ | ३८ | ११ | | ८ | १९ |
| २०६६ | ३२५ | १३३ | १९३ | ६५१ | ३०९ | १२७ | १७६ | ६१२ | ३०३ | १२६ | १७६ | ६०५ | ११ | ५ | १४ | ३० | ५ | १ | ३ | ९ |
| **जम्मा** | ९१६ | ४१२ | ७१८ | २०४६ | ८४९ | ३९३ | ६६० | १९० | ८४० | ३९१ | ६६० | १८९ | ४१ | १५ | ४२ | ९८ | २६ | ४ | १६ | ४६ |

**स्रोत :- विद्यालय अभिलेख** २०६४-२०६६

**तालिका** ४ पाँच वर्षमा प्रा.वि. तह पार गर्ने विद्यार्थी **सम्बन्धी विवरण**

| **विद्यालय** | ०६२ सालमा कक्षा १ मा भर्ना भएका विद्यार्थी | | | | नयाँ थपिएका विद्यार्थी | | | | कक्षा छाडेका विद्यार्थी | | | | २०६६ मा कक्षा ५ पास गरेका विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **द.** | **ज.** | **अ.** | **जम्मा** | **द.** | **ज.** | **अ.** | **जम्मा** | **द.** | **ज.** | **अ.** | **जम्मा** | **द.** | **ज.** | **अ.** | **जम्मा** |
| खरिबोट गो.दे.मा.वि. | ५ | ५ | १५ | २५ | १५ | १ | ११ | २७ | २ | २ | ३ | ७ | १८ | ४ | २३ | ४५ |
| **गणेश प्रा.वि.** | १८ | ७ | ३ | २८ | | | | | ६ | १ | | ७ | १२ | ६ | ३ | २१ |

| विद्यालय | ०६२ सालमा कक्षा १ मा भर्ना भएका विद्यार्थी | | | | नयाँ थपिएका विद्यार्थी | | | | कक्षा छाडेका विद्यार्थी | | | | २०६६ मा कक्षा ५ पास गरेका विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | द. | ज. | अ. | जम्मा | द. | ज. | अ. | जम्मा | द. | ज. | अ. | जम्मा | द. | ज. | अ. | जम्मा |
| नुवार सुवेदीथर मा.वि. | ६ | ६ | १२ | २४ | ४ | | १० | १४ | ३ | १ | ५ | ९ | ७ | ५ | १७ | २९ |
| पाङ्धैरेनी उ.मा.वि. | ९ | ७ | १७ | ३३ | ३ | ८ | १२ | २३ | ८ | २ | ५ | १५ | ४ | १३ | २४ | ४१ |
| जम्मा | ३८ | २५ | ४७ | ११० | २२ | ९ | ३३ | ६४ | १९ | ६ | १३ | ३८ | ४१ | २८ | ६७ | १३६ |

**स्रोत :-** विद्यालय अभिलेख २०६४-२०६६